# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## हेटौडा उप-महानगरपालिका, मकवानपुर

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

***Serving the Nation***

***and***

***the People***

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

# (बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या : २०७६/७७ मिति : २०७६/०३/२७

च.नं : ७७७

श्री हेटौडा उप-महानगरपालिका,

मकवानपुर ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण एने, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औँल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**(बाग्मती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या: ०७६।७७
च.नं.८२८ मिति: २०७७/०३/२५

श्री उप-महानगर प्रमुखज्यू,
हेटौंडा उप-महानगरपालिका,
मकवानपुर ।

विषय: **लेखापरीक्षण प्रतिवेदन** ।

**कैफियत सहितको राय :** हामीले हेटौंडा उप-महानगरपालिकाको २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

१. उपमहानगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१० करोड ४८ लाख ७८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ करोड ३५लाख ७ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ४९ लाख ५७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ५६ लाख ९ हजार र पेश्की रु.३ करोड ८ लाख ५ हजार रहेको छ ।

३.. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७६।१०।१४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २८ (अठ्ठाईस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी :** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत उपमहानगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस उपमहानगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु उपमहानगरपालिकाको उद्देश्य रहेको छ । यस उपमहानगरपालिकाअन्तर्गत १९ वडा, ९६ जना नगरसभा सदस्य, २६१.५८ वर्ग किलोमिटर क्षेत्रफल तथा १,५२,८७५ जनसंख्या रहेको छ । स्वच्छ, सिर्जनशिल, समृद्ध औद्योगिक नगर हेटौंडा भन्ने सोंच र "**समृद्ध हेटौंडा, सुखी नगरवासी**" वनाउने अवधारणा बमोजिम हेटौंडा उपमहानगरपालिकाको विद्यमान अवसर तथा चुनौतीहरुलाई सम्वोधन गर्न दीर्घकालीन उद्देश्य सहित विकासलाई मौलिक ढाँचामा अगाडि बढाउने लक्ष्य राखेको छ ।

**स्थानीय संचित कोष :** उपमहानगरको २०७५।७६ को स्थानीय सञ्चितकोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

| सि. | आयतर्फ | | | सि. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| नं. | विवरण | रकम | रकम | नं. | विवरण | रकम | रकम |
| १ | **गत बर्षको जिम्मेवारी** | | **३१५९४८७२८.३०** | १ | **चालु खर्च** | | **९७०,७३९,१७५.६७** |
| | नगद | ५१२,३९१.५६ | | | आन्तरिक स्रोत | १२३,२०४,०७९.९७ | |
| | **बैंक** | | | | राजस्व बांडफांड संघीय सरकार | १००,४२४,११५.४८ | |
| | संचित कोष | २७०,११४,१४१.८१ | | | सशर्त अनुदान संघीय सरकार | ५३१,०४७,८५२.७९ | |
| | कोष खाता | ३५,८४४,७५०.६४ | | | ससर्त अनुदान प्रदेश सरकार | २,९८५,७९०.४० | |
| | धरौटी खाता | ९,४७७,४४४.२९ | | | प्रदेश तथा स्थानीय तह क्षमता विकास | ३०५,०००.०० | |
| २ | **राजस्व(आन्तरिक आय)** | | **६२३,९६२,७०९.४८** | | प्रधानमन्त्री रोजगार कार्यक्रम | १,७७१,२२४.२१ | |
| | आन्तरिक राजस्व | २४६,९५१,०३०.३४ | | | समाज कल्याण कार्यक्रम | १,०००,०००.०० | |
| | घर जग्गा रजिष्ट्रेसन | १६८,२०१,३३२.०० | | | राष्ट्रपति चुरे संरक्षण | ९,९१२,६६४.०० | |
| | सवारी साधन कर | ५८,६२१,४३९.७० | | | प्रदेश समानीकरण अनुदान | २,२००,०००.०० | |
| | अन्य बांडफांड हुने राजस्व | ५०,१८८,९०७.४४ | | | संघीय समानीकरण अनुदान | ११,३६१,२४८.८२ | |
| | अन्य राजस्व | | | | सामाजिक सुरक्षा कार्यक्रम | १८६,१०८,२००.०० | |
| ३ | **वित्तीय हस्तान्तरण संघीय सरकार** | | **८५१,०७९,०५४.९९** | | द्वन्द पीडित अनुदान-प्रदेश सरकार | २५०००.०० | |
| | वित्तीय समानीकरण अनुदान | ३१३,९००,०००.०० | | | गरिबसंग विशेश्वर कार्यक्रम | ३९४,०००.०० | |
| | सशर्त अनुदान | ५३२,६९०,५१४.७९ | | २ | **पुँजीगत खर्च** | | **४४२,३०७,९९९.४३** |
| | समपुरक अनुदान | ४,४८८,५४०.२० | | | आन्तरिक स्रोत | ४८,४१७,३८३.७४ | |
| | बिशेष अनुदान | - | | | जनसहभागिता | ७५४,७८६.०० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **८७,९४९,९१०.९६** | | राजस्व बांडफांड संघीय सरकार | ४८,२३२,९८९.५४ | |
| | वित्तीय समानीकरण अनुदान | ११,०११,०००.०० | | | समानीकरण अनुदान-प्रदेश सरकार | ७,३११,०००.०० | |
| | सशर्त अनुदान | ५६,९३८,९१०.९६ | | | सशर्त अनुदान -प्रदेश सरकार | ३,९५३,१२०.५६ | |
| | समपुरक अनुदान | २०,०००,०००.०० | | | समानीकरण अनुदान-संघीय सरकार | १६१,७९७,५२६.६२ | |
| | बिशेष अनुदान | - | | | सशर्त अनुदान -संघीय सरकार | २,५३७,३६८.२६ | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | - | | | समपुरक अनुदान-संघीय सरकार | ४,४८८,५४०.२० | |
| ६ | **वित्तीय ब्यबस्था प्राप्ती** | | | | समपुरक अनुदान-प्रदेश सरकार | - | |
| | ऋण प्राप्ति | - | | | स्थानीय पूर्वाधार विकास साझेदारी | १४,८१५,२८४.५१ | |
| | साँवा प्राप्ति | - | | ३ | **वित्तीय ब्यबस्था भुक्तानी** | | **७,३८९,२४५.१३** |
| | ब्याज प्राप्ति | - | | | ऋण भुक्तानी | ५,०००,०००.०० | |
| | अन्य प्राप्ति | - | | | ब्याज भुक्तानी | २,३८९,२४५.१३ | |
| ७ | **विभिन्न कोषको आय (९खाता)** | १५१,३५६,४१२.९६ | **१५१,३५६,४१२.९६** | | अन्य भुक्तानी | | |
| ८ | **जनसहभागिता (नगद)** | १,७५७,२२०.०० | **१,७५७,२२०.००** | ४ | **लगानी** | | - |
| ९ | **खाता शुन्य ट्रान्सफर आय** | ८,०६७,५८२.७६ | **८,०६७,५८२.७६** | | ऋण लगानी | - | |
| १० | **धरौटी आय** | १५,१५०,१९७.०५ | **१५,१५०,१९७.०५** | | शेयर लगानी | - | |
| ११ | **भुक्तानी बाँकी दायित्व** | ७२८,७८३.४१ | **७२८,७८३.४१** | | अन्य लगानी | - | |
| १२ | **अन्तर सरकारी अख्तियारी संघ** | | **२८,१९८,१७२.७२** | | | | |
| | स्थानीय तह क्षमता विकास | ३०५,०००.०० | | ५ | **धरौटी फिर्ता** | ७,३००,६६३.९५ | **७,३००,६६३.९५** |
| | गरिबसंग विशेश्वर कार्यक्रम | ३९४,०००.०० | | ६ | **कोष खर्च** | १२८,२९९,३२३.९५ | **१२८,२९९,३२३.९५** |
| | स्थानीय पूर्वाधार विकास साझेदारी | १४,८१५,२८४.५१ | | ७ | **सा. सु. रकम र बिद्यालय आय बेरुजु खातामा दाखिला** | २,०५२,९७२.४२ | **२,०५२,९७२.४२** |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | १,७७१,२२४.२१ | | ८ | **मौज्जात** | | **६९१,४३०,०७६.०६** |
| | राष्ट्रपति चुरे संरक्षण | ९,९१२,६६४.०० | | | नगद मौज्जात | ३५,०००.०० | |
| | समाज कल्याण कार्यक्रम | १,०००,०००.०० | | | **बैंक मौज्जात** | | |
| १३ | **प्रदेश-द्वन्द पीडित सहायता** | २५,०००.०० | **२५,०००.००** | | संचित कोष | ६१५,१६६,२५९.०२ | |
| १४ | **सामाजिक सुरक्षा कार्यक्रम** | १८७,३३७,५७०.०० | **१८७,३३७,५७०.००** | | कोष खाता | ८,९०१,८३९.६५ | |
| १५ | **अन्य विविध आय (सं. सु.रकम** | | | | धरौटी खाता | १७,३२६,९७७.३९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **बिद्यालय बेरुजु फिर्ता)** | २,०५२,९७२.४२ | **२,०५२,९७२.४२** | | | | |
| | | | | ९ | **खाता शुन्य फिर्ता रकम बीच बाटोमा परेको चेक** | २४,०९४,८५८.४४ | **२४,०९४,८५८.४४** |
| | **जम्मा** | **२,२७३,६१४,३१५.०५** | **२,२७३,६१४,३१५.०५** | | **जम्मा** | **२,२७३,६१४,३१५.०५** | **२,२७३,६१४,३१५.०५** |

| कार्यालयः हेटौडा उपमहानगरपालिका, मकवानपुर | | आ.व.२०७५।७६ |
|---|---|---|
| **सि.नं.** | **गो.भौ.नं. र व्यहोरा** | **रकम** |
| | **लेखापरीक्षणको क्रममा असुलीः** लेखापरीक्षणको क्रममा विद्यालयलाइ बढी निकाशा दिएको रु २,९२,४७७।- र सामाजिक सुरक्षा तर्फको रु.१९,३४,७५८। समेत २२,३०,३५५- सम्वन्धित सञ्चित कोषमा दाखिला भएको छ । | |
| १. | **आय व्याय विवरण :** उपमहानगरपालिकाको आर्थिक विवरणले त्यसमा लेखिएको अवधिको आर्थिक कारोबारको यथार्थ चित्रण गर्नुपर्दछ । लेखापरीक्षणमा पेश हुन आएको एकीकृत आय र व्ययको विवरण अनुसार उपमहानगरपालिकाको यसवर्षको आम्दानी रु.२,०६,१७,८५,५१०/११ र खर्च रु. १,४४,६५,८४,२५१/०९ तथा बैंक मौज्दात रु.६१,५२,०१,२५९/०२ रहेको छ । उपमहानगरपालिकाले सामाजिक सुरक्षा तथा विद्यालयलाई निकासा दिएकोमध्ये फिर्ता भएको रु.२०,५२,९७२/४२ सम्वन्धित मुलखातामा आम्दानी बाँधेको र खर्च खातामा बाँकी भएको मौज्दात मुल खातामा फिर्ता गरेको जनाई खर्च लेखेकोले एकीकृत आर्थिक विवरणले यथार्थ भन्दा वढी आम्दानी तथा खर्च देखाएको छ । आर्थिक विवरण यथार्थ वनाउनु पर्दछ । | |
| २. | **लेखा ढाँचाको प्रयोग नभएको**: नेपालको संविधानको धारा २४१ मा नेपालको सरकारी लेखाको लेखापरीक्षण महालेखा परीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा संघिय कानुन बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ । त्यसैगरि आर्थिक कार्यविधि ऐन, २०५५ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) मा समेत स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखानियन्त्रकको कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । सोहि अनुसार एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरि दुई समुहका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागु गर्ने उद्देश्यले मिति २०७२।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको अवस्था छ । जसअनुसार १४२ प्रकारका फाराम विकास भएकोमा ७९ नयाँ फारामहरु र ६३ परिमार्जित फाराम विकास भएको अवस्था छ । उपर्युक्त अनुसारको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचित कोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा आय व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, आयोजना र कार्यमा खर्च (सशर्त अनुदान) भुक्तानी दिन बाँकीको विवरण, फिर्ता गर्न बाँकी अनुदान, फिर्ता लिन बाँकी अनुदान, पेश्की बाँकी वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष यस पालिकाले उपर्युक्त ढाँचा अनुसारको वित्तीय प्रतिवेदन तयार गरेको छैन । स्वीकृत ढाँचामा लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ । | |
| ३. | **वजेट पेश तथा पारित** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । नगर उपप्रमुख श्री मीना लामाबाट मिति २०७५/०३/१० मा नगरसभा समक्ष चालु तर्फ रु.१,०२,९०,५१,१००।– र पूजीगत खर्च रु.५९,६४,०५,९००।– हुनेगरी जम्मा रु. १ अर्ब ६२ करोड ५४ लाख ५७ हजारको बजेट पेश गर्नु भएकोमा नगरसभाबाट मिति २०७५/३/२९ मा बजेट पारित भएको देखियो । | |
| ४. | **वजेट वक्तव्यमा उल्लिखित व्यहोरा कार्यान्यन :** उपमहानगरपालिकाले आ.व. २०७५।७६ मा महत्वका साथ वजेट वक्तव्यमा उल्लेख गरेकामध्ये देहायका विषयको कार्यान्वयन स्थिति देहाय अनुसार देखिएको छः | |
| ४.१. | स्वच्छ, सृजनशील र सम्वृद्ध औद्योगिक नगर निर्माणका लागि नेपाल सरकारबाट जारी भएको बृहत शहरी विकास योजना निर्माण सम्वन्धि कार्य विवरण अनुसार हेटौंडा उपमहानगरको नक्शांकन सहितको बृहत शहरी विकास योजना तर्जुमाको कार्य अगाडि वढाएको देखिएन । | |
| ४.२. | हेटौंडा उपमहानगरपालिकाको सम्पूर्ण वस्तुस्थिति झल्कने नगर प्रोफाईल तयार गर्ने काम | |

| कार्यालय: हेटौडा उपमहानगरपालिका, मकवानपुर | | आ.व.२०७५।७६ |
|---|---|---|
| **सि.नं.** | **गो.भौ.नं. र व्यहोरा** | **रकम** |
| | आ.व.२०७५।७६ भित्रै सम्पन्न गरिने उल्लेख भएकोमा नगर प्रोफाईल तयार गर्ने कार्यको प्रारम्भिक चरणका कार्यहरु भएको भएतापनि यो वर्ष भित्रै सम्पन्न हुन सकेको देखिएन । | |
| ४.३. | नगर क्षेत्रको भूमीलाई व्यवस्थित गर्न र अनियन्त्रित र अव्यवस्थित शहरीकरणलाई निरुत्साहित गर्न विगतमा तयार गरेको भूउपयोग योजना, नगर यातायात गुरुयोजना र योजना तथा भवन निर्माण मापदण्डलाई निरन्तरता दिदै समय सापेक्ष परिमार्जन सहित अद्यावधिक गरिने उल्लेख भएकोमा सो कार्यको सम्वन्धमा भएको प्रगति प्राप्त भएको छैन । | |
| ४.४. | टावर सहितको केन्द्रीय वस टर्मिनल भवन जस्ता दुरगामी महत्वका ठुला शहरी पूर्वाधारहरु सहितको एकीकृत गुरुयोजना तर्जुमा गरिने उल्लेख भएकोमा सो कार्य सम्पन्न भएको देखिएन । टावर सहितको केन्द्रीय वस टर्मिनल भवनको निर्माण गर्न डी.पी.आर.तयारीको लागि परामर्शदाता छनौट कार्य सम्पन्न भएको छ उपमहानगरपालिकाले जानकारी दिएको छ । | |
| ४.५. | हेटौडाको मुख्य बजारक्षेत्रमा आवागमन सहज वनाउन आकासे पुल निर्माणका लागि सम्भाव्यता अध्ययन गराईने उल्लेख भएकोमा सम्भाव्यता अध्ययन कार्यको प्रतिवेदन प्राप्त नभएकोले यस क्षेत्रको कार्यमा प्रगति भएको देखिएन ।<br>वजेटमा उल्लेख भएका नीति तथा कार्यक्रमलाई प्राथमिकताकासाथ कार्यान्वयन गरी उद्देश्य हासिल गर्नु पर्दछ । | |
| ५. | **वजार अनुगमन:** वजार अनुगमनलाई प्रभावकारी वनाउने उद्देश्यले उप महानगर- पालिका आफैले खाद्य परीक्षण प्रयोगशालाको स्थापना गरिने बजेट वक्तव्यमा उल्लेख छ । उपमहानगरपालिकाले अनुगमन गरी खाद्य परीक्षण प्रयोगशालामा परीक्षण गर्दा चाँगुनारायण घीउ सी.एण्ड डी ५०० मि.ली. र सरस्वती डेरी उद्योगद्वारा उत्पादित घीउ मापदण्ड अनुसार नभएकोले जफत गरिएको, सुकेको वोडीमा विषादी मिसाएको पाइएकोले जफत गरिएको प्रयोगशालाको प्रतिवेदनबाट दखियो । खाद्यान्नमा मिसावटको जोखिम वढी देखिएले सार्वजनिक स्वास्थ्यलाई प्रत्यक्ष प्रभाव पार्ने गरी खाद्यान्नमा हुने मिसावट नियन्त्रण कार्यलाई थप प्रभावकारी वनाउनु पर्दछ । | |
| ६. | **वजेट वाँडफाँड:** वडास्तरीय आयोजना तथा कार्यक्रमहरु छनौट गर्ने क्रममा वजेट विनियोजन गर्दा भूगोल, जनसँख्या, गरीवीको अवस्था र विद्यमान पूर्वाधारको अवश्था समेतको आधारमा १० वटा वडालाई (क) वर्ग अर्थात उच्च प्राथमिकतामा राखी प्रति वडा रु. १ करोड पन्ध्र लाख र ९ वटा वडालाई (ख) वर्गमा वर्गीकरण गरी प्रतिवडा रु.१ करोडगरी वडास्तरीय आयोजनाका लागि रु. २० करोड ५० लाख विनियोजन गरेको छ । महत्वपूर्ण र दीर्धकालसम्म प्रभाव पार्ने तथा वढी प्रतिफल दिने योजना छनौट गरी आयोजना र कार्यक्रमको आधारमा वजेट वाँडफाँड गर्ने पद्धति विकास गर्नु पर्दछ । | |
| ७. | **क्षेत्रगत बजेट र खर्चको स्थिति:** मिति २०७५/०३/२९ मा नगरसभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छ । | |

| क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|
| आर्थिक विकास | ५२३१०००० | २०५४०२४६ | १.४५ |
| पूर्वाधार विकास | ५९४१७६७५३ | ३५७३५८५५७ | २५.१६ |
| सामाजिक विकास | ८९२१०५७३४ | ७८७५१०८१८ | ५५.४४ |
| वातावरण तथा विपद व्यवस्थापन | ९७५३९२०० | ६५२७८३०२ | ४.६० |
| सस्थागत विकास, सेवाप्रवाह र सुशासन | २८६१८२०० | १४२४४३४८ | १.०० |
| वित्तीय व्यवस्थपन र सुशासन | ७०००० | ०.०० | ०.०० |
| कार्यालय सञ्चालन तथा प्रशासिनक | २०८१५६७३३ | १७५५०४१४९ | १२.३६ |
| | १८७२९७६६२० | १४२०४३६४२० | १०० |

| | | |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकास र पूर्वाधारमा क्रमश: ५५.४४ प्रतिशत र २५.१६ प्रतिशत खर्च रहेको छ । वातावरण तथा विपद व्यवस्थापन तर्फ वजेट विनियोजन तथा खर्च गरेको भए तापनि नगरको वातावरण संरक्षण तथा डम्पिङसाईट सम्वन्धी दीर्घकालिन योजना तय भई सकेको देखिएन । डम्पिङसाईटको लागि स्थान छनौट गरिएको र सोको लागि डी.पी.आर तयारीको कार्य भैरहेको कार्यालयको भनाई रहको छ । | |
| ८. | **पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थिति:** नगर सभाबाट पारित वित्तीय समानीकरण पूर्वाधार | |

तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको छ।

| क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|
| भवन निर्माण | ५४००००० | ३६०७०४ | ०.२२ |
| निर्मित भवनको संरचनात्मक सुधार | १२००००० | ७८५९१९ | ०.४९ |
| फर्निचर तथा फिक्चर्स | २७००००० | १९६५३१४ | १.२१ |
| सवारी साधन | २०२००००० | ५२००००० | ३.२१ |
| मेशीनरी तथा औजार | ५२५०००० | २७१५८५४ | १.६८ |
| सफ्टवयेर निर्माण खरिद | २०००००० | ०० | ०.०० |
| सडक तथा पुल | १२६५५५००० | ९५९४४१०८ | ५९.२६ |
| तटवन्ध तथा बाँध निर्माण | १३००००० | ७२१६२० | ०.४५ |
| सिंचाई संरचना निर्माण | १३००००० | ८००००० | ०.४९ |
| खानेपानी सँरचना निर्माण | १०७००००० | ८०४१४०५ | ४.९७ |
| वन तथा वातावरण संरक्षण | ३६००००० | ५२६४६५ | ०.३३ |
| सरसफाई संरचना निर्माण | २०८२०००० | ८८७३८७६ | ५.४८ |
| सार्वजनिक निर्माण | ८९२४२००० | ३५९६२२६२ | २२.२१ |
| जम्मा | २९०२६७००० | १६१८९७५२७ | १०० |

उपर्युक्त विवरण अनुसार उपमहानगरपालिकाले भौतिक पूर्वाधार तर्फको बजेटबाट सडक तथा पुल निर्माण, खानेपानी, सिचाई, सार्वजनिक निर्माण, वन तथा वातावरण, संरक्षणमा र सरसफाई संरचनामा क्रमशः ५९.२६%, ४.९७%, ०.४९%, २२.२१%, ०.३३% र ५.४१% बजेट व्यवस्था गरी खर्च गरेको छ। सडक पुल तथा सार्वजनिक निर्माणमा मात्र ८१.४७ प्रतिशत खर्च भएको छ।

९. **चौमासिक खर्च :** उपमहानगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ।

| ब.उ.शि.नं. | कूल खर्च | | कुल खर्च | | असार महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| पूजिंगत खर्च | ४४७३०७९९९ | ८०८२०१८७ | १०००२४९०७ | २६६४६२९०५ | १२९६९७०५७ |
| चालु खर्च | ९७३१२८४२१ | २९३४७४६५० | २५९४४०८४७ | ४२०२१२९२४ | १६७८६८५३१ |
| जम्मा | १४२०४३६४२० | ३७४२९४८३७ | ३५९४६५७५४ | ६८६६७५८२९ | २९७५६५५८८ |
| प्रतिशत | | २६.३५ | २५.३१ | ४८.३४ | २०.९५ |

प्रस्तुत विवरण अनुसार कार्यालयबाट तेस्रो चौमासिकमा ४८.३४ प्रतिशत र आषाढ महिनामा मात्र २०.९५ प्रतिशत रकम खर्च भएको छ। यसरी यस कार्यालयको कुल बजेट खर्च मध्ये अधिकांश बजेट अन्तिम चौमासिकमा खर्च भएको छ। जसले गर्दा निर्माण कार्यमा समय अभाव तथा वर्षातको कारणले गुणस्तर युक्त कार्य हुन नसक्ने अवस्था सिर्जना हुने भएकाले अन्तिम चौमासिक र आषाढ महिनामा मात्र अधिकांश बजेट खर्च गर्ने प्रवृतिमा सुधार गर्नुपर्ने देखिन्छ।

१०. **दरवन्दी र पदपूर्ति स्थितिः** नगरकार्यपालिकाको लागि जम्मा ५५० दरवन्दी स्वीकृत भएकोमा २१२ पद स्थायी र ५७ पद करार गरी जम्मा २६९ पूर्ति भएको छ। महाशाखा प्रमुख लगायत विभिन्न महत्वपूर्ण प्राविधिक तथा अप्राविधिक पद रिक्त रहेकोले सेवा प्रवाह तथा कार्यसम्पादन स्तरमा असर पर्ने देखिन्छ। रिक्तपद पूर्तिको व्यवस्था मिलाउनु पर्दछ।

| क्र· स· | पद | श्रेणी | दरबन्दी | पदपूर्ति (आषाढ मसान्तको स्थिति) | | |
|---|---|---|---|---|---|---|
| | | | | स्थायी | करार | जम्मा |
| १ | प्रमुख प्रशासकीय अधिृकत | सह /उप सचिव | १ | १ | - | १ |
| २ | महाशाखा प्रमुख | अधिकृतस्रत नवौ/दशौं | ८ | ६ | - | ६ |
| ३ | शाखा अधिकृत | अधिकृतस्तर सातौ/ आठौं | ३१ | १६ | १ | १७ |
| ५ | शाखा अधिकृत | अधिकृतस्रत छैटौ | ५२ | २३ | ६ | २९ |
| ६ | नायब सुब्बा/बरिष्टसहायक | सहायकस्तर पाचौं | १४६ | ६७ | १९ | ८६ |
| ७ | कार्यालय सहायक | सहायकस्तर चौंथो | १३३ | ४१ | ६ | ४७ |
| ८ | हवल्दार | सहायकस्तर चौंथो | १५ | ६ | ० | ६ |
| | श्रेणी विहिन | | ० | ० | ० | ० |
| १० | ड्राइभर | | २३ | ६ | १ | ७ |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | कार्यालय सहयोगी, सरसफाई समेत | | ११६ | ४६ | २० | ६६ |
| १२ | वारुणयन्त्र तथा नगरप्रहरी | | २५ | ० | ४ | ४ |
| | | | ५५० | २१२ | ५७ | २६९ |

११. **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।

- उपमहानगरपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन।
- उपमहानगरपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको।
- तलवि प्रतिवेदन पारित नगरी तलप भत्ता खर्च लेखेको।
- उपमहानगरपालिकामा समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन।
- उपमहानगरपालिकाको वडा कार्यालय र विषगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेकोले जिन्सी सामानको हिनामिना र चुहावट हुन सक्ने स्थिति देखिएको।
- कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी मात्र देखिएको।
- सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम श्रोत नक्सांकन वा उपमहानगरपालिकाको प्रोफाईल तयार गरेको छैन।
- मन्त्रालयको मिति २०७३/१२/२५ को परिपत्रको दफा १७ बमोजिम उपमहानगरपालिकामा समाहित भएका साविकका उपमहानगरपालिका तथा गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख अद्यावधिक गरेको छैन।

तोकिए बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनमा ल्याई कार्यपालिकाको कार्य प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ।

१२. **न्यायिक समिति र न्याय सम्पादन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार उपमहानगरपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ। उपमहानगरपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ :

| दर्ता भएका विवाद (गत वर्षको जिम्मेवारी समेत) | फछ्र्यौट भएका विवाद | फछ्र्यौट हुन बाँकी विवाद |
|---|---|---|
| १८२ | १४१ | ४१ |

उपर्युक्त विवरणअनुसार प्राप्त विवादमध्ये ७७ प्रतिशत विवादमात्र निरुपण गरेको देखिएको छ। अतः दर्ता भएका विवादहरुको समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१३. **कानून निर्माण र कार्यान्वयन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार उपमहानगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यकता अनुसार ऐन, नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जस अनुसार उपमहानगरपालिकाले १५ वटा कानुन तर्जुमा गरी स्वीकृत गरेकोमा १२ बटा राजपपत्रमा प्रकाशित भएको विवरण प्राप्त भएको छ।

१४. **योजना परिवर्तन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| | उपमहानगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्यिन तालिका र अनुगमन मूल्याँकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । प्रस्तावित योजनाहरु नगरसभाबाट पारित हुनु पर्दछ । नगरसभाबाट पारित भएका योजनाहरु कार्यान्वयन गरी निर्धारित समयमै सम्पन्न गर्नु पर्नेमा नगरी कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट योजना थप तथा परिवर्तन गरी कार्यान्वियन गरेको पाईयो । आयोजनाको संभाव्यता अध्ययन गरी योजना तर्जुमा गर्ने र पारित भएका योजनाहरु कार्यान्यनमा ल्याउने व्यवस्था मिलाउनु पर्नेमा उपमहानगरपालिकाले सम्भाव्यता अध्ययन नगरी योजना छनौट गरेको र कार्यान्वियन तालिका तयार नगरेको कारण समयमा कार्यान्वियन हुन नसकेका देहायका रु.१५,२८,३७,०००।- का योजना कार्यपालिकाको निर्णयले परिवर्तन गर्नु परेको अवस्था देखिएको छ । ऐनमा भएको व्यवस्था अनुसार योजना छनौट तथा कार्यान्वयन तालिका समेत तयार गरी छनौट भएको योजना सम्पन्न गर्ने तया सभाले पारित गरेका योजना कार्यपालिकाले परिवर्तन गर्ने कार्य निरुत्साहित गर्नु पर्दछ । | |

| वडा नं | हटाएको योजना संख्या | रकम | थप योजना संख्या | रकम |
|---|---|---|---|---|
| १ | ३ | १८००००० | ३ | १८००००० |
| २ | ४ | २६५०००० | २ | २६५०००० |
| ३ | २ | ६५०००० | २ | ६५०००० |
| ४ | ५ | १०००००० | १० | १०००००० |
| ५ | १ | ३००००० | २ | ३००००० |
| ६ | १ | ५०००० | १ | ५०००० |
| ७ | ५ | ५५०००० | ६ | ५५०००० |
| ८ | २ | १२८४२५००० | ३ | १२८४२५००० |
| ९ | ३ | १०००००० | ४ | १०००००० |
| १० | २ | १५०००० | २ | १५०००० |
| ११ | ३ | ९००००० | ३ | ९००००० |
| १२ | ४ | ४४००००० | ७ | ४४००००० |
| १३ | ९ | १०५०००० | ७ | १०५०००० |
| १४ | ८ | १२५०००० | ११ | १२५०००० |
| १५ | ३ | १४००००० | ३ | १४००००० |
| १६ | ९ | २१००००० | १३ | २१००००० |
| १७ | ५ | १३१२००० | ७ | १३१२००० |
| १८ | ५ | १२००००० | ६ | १२००००० |
| १९ | १० | २६५०००० | १५ | २६५०००० |
| | ८४ | १५२८३७००० | १०७ | १५२८३७००० |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| १५. | **प्रगतिको स्थितिः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका नगरस्तरीय तथा वडास्तरीय आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य र समयवीच तादात्म्यता मिलाई वित्तीय र भौतिक प्रगति समेत देखिने गरि प्रगति विवरण तयार गर्नुपर्दछ । | |
| १६. | **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा नगर सभाका पदाधिकारी तथा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था छ । सोही व्यवस्था अनुसार प्रदेश नं. ३ को प्रदेश सभाबाट पारित भई मिति २०७५ बैशाख १० को प्रदेश राजपत्रमा स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारी तथा सभाका सदस्यहरु आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम शुरु गरेको मितिदेखि अनुसूचि-१ बमोजिमको सुविधा पाउने व्यवस्था छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार उपमहानगरपालिकाबाट यस वर्ष देहाय बमोजिम रु.१,२६,६६,०००।- सुविधा वापत भुक्तानी भएको छ । | |

| विवरण | प्रमुख | उप प्रमूख | वडा अध्यक्ष १९ जना | कार्यपालिका सदस्य ८ जना | वडा सदस्य ६७ जना | जम्मा |
|---|---|---|---|---|---|---|

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वार्षिक सुविधा | ४८०००० | ४२०००० | ५०१६००० | १२४८००० | ५२२६००० | १२३९०००० |
| चाडपर्व खर्च | ० | ० | ० | ० | ० | ० |
| सञ्चार सुविधा ( मासिक दरमा) | ३०००० | १८००० | २२८००० | ० | ० | २७६००० |
| **वार्षिक कुल जम्मा** | **५१००००** | **४३८०००** | **५२४४०००** | **१२४८०००** | **५२२६०००** | **१२६६६०००** |

१७. **सल्लाहकार** : प्रदेश नं. ३ अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा यस प्रदेश भरका स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव/सल्लाहकारको सुविधामा खर्च गर्नपाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । उपमहानगरपालिकाले नगरप्रमुखका कानूनी सल्लाहकार १ जना र प्रेस सल्लाहकारका रुपमा १ जना नियुक्त गरी वार्षिक रु.५,३०,४००/- भुक्तानी गरेको छ । कानूनमा व्यवस्था गरेरमात्र यस्ता पदाधिकारी नियुक्ती गर्नु पर्दछ ।

१८. **सेवा प्रवाहः** उपमहानगरपालिकाले यस वर्ष सम्पादन गरेको सेवा प्रवाहको स्थिती झल्कने गरी प्रगति विवरण तयार गरी पेश नगरेकोले सम्पादित सेवाको वास्तविक विवरण प्राप्त गर्न सकिएन । लेखापरीक्षणको क्रममा कार्यालयक बाट प्राप्त जानकारी अनुशार यस वर्ष उपमहानगरपालिकाबाट निम्नअनुसार सेवा प्रवाह भएको देखिन्छ :

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| | **पञ्जिकरणतर्फ** | |
| १. | जन्म दर्ता | ३२४७ |
| २. | मृत्यू दर्ता | १०११ |
| ३. | बसाईंसराईं दर्ता | ८५३ |
| ४. | बिबाह दर्ता | १९२० |
| ५. | सम्बन्धविच्छेद दर्ता | ९८ |
| | **अन्य सिफारिस** | |
| ६. | घरबाटो सिफारिस | ८४६६ |
| ७. | नागरीकता सिफारिस | ६६८० |
| ८. | अन्य सिफारीस | २८७१ |
| ९. | नाता प्रमाणित | ९६३ |
| | **पूर्वाधार विकास सडक निर्माण (कि.मी.)** | |
| १०. | सडक पिसिसि ढलान तथा नाला निर्माण (मि.) | २१.८४ |
| ११. | सडक मर्मत सम्भार (कि.मि.) | २.१९ |
| १२. | कच्ची सडक | ५.८३ |
| १३. | कालोपत्रे (कि.मि) | २.०९ |
| १४. | ग्राभेल | २९.१२ |

१९. **डीपीआर तयार नगरी योजना कार्यान्वयन**: स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा गाउंपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा साधन श्रोतको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजनाको कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजना समेत तयार गर्नुपर्ने व्यवस्था छ । उपमहानगरपालिकाले सम्भाव्यता अध्ययन नगरी अधिकाँश योजना कार्यान्वयन गरेको देखियो । योजना कार्यान्वयन तालिका एवं अनुगमन तथा मूल्यांकन योजना तयार गरेको समेत देखिएन । योजनाको सम्भाव्यता अध्ययन नहुंदा र अनुगमन तथा मूल्यांकन योजना तयार नहुंदा योजनाले दिने प्रतिफल तथा प्रभावकारी कार्यान्वयनमा असर पर्दछ । योजनाको उदेश्य प्राप्ति, सफल कार्यान्वयन र अपेक्षित प्रतिफल प्राप्त गर्नका लागि सम्भाव्यता अध्ययन गराएर अनुगमन तथा मूल्यांकन योजना बनाई प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।

२०. **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । नगर सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७५/७६ को अध्ययन गर्दा उपमहानगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
| --- | --- | --- |
| | न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । उपमहानगरपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| सि.नं. | योजना को प्रकार | संख्या |
| --- | --- | --- |
| १. | रु. १ लाख सम्म | ११८ |
| २. | रु. १ देखि ५ लाख सम्मका | ३२२ |
| ३. | रु. ५ देखि १० लाख सम्मका | १०१ |
| ४. | रु. १० लाख देखि ५० लाख सम्मका | ३१ |
| ५. | रु. ५० लाख भन्दा माथिका | ४ |
| | जम्मा | ५७६ |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
| --- | --- | --- |
| | उपर्युक्त विवरण अनुसार उपमहानगरपालिकाले यस वर्ष रु. ५० लाख भन्दा माथिका ४ वटा रु. ५ लाख देखि ५० लाख सम्मका जम्मा १३२ वटा योजना संचालन गरेकोमा ५ लाखभन्दा मुनिकामात्र ४४० वटा योजनाहरु रहेका छन् । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागतप्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्थासमेत विचार गरी योजना छनौट गर्नु पर्दछ । | |
| २१. | **आर्थिक सहायता :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम उपमहानगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र कार्य गर्ने आवश्यक पेर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । तर उपमहानगरपालिकाले यस प्रकारको कुनै पनि कानून तथा कार्यविधि बेगर विलभरपाईका आधारमा स्थानीय उद्दार, राहात तथा पुनःस्थापना, विपन्न वर्गलाई औषधि उपचार लगायतकाका कार्यमा आर्थिक सहायता उपलव्ध गराएको छ । यसरी खर्चको विल भरपाई राखी विभिन्न मितिको निर्णय अनुसार २८ जना लाई जम्मा रु. ३८१३००।०० आर्थिक सहायता वितरण गरेको छ। यस्ता अनुत्पादक प्रकृतिका खर्चहरु नियन्त्रण गर्नु पर्दछ | |
| २२. | **अधुरा निर्माण कार्य :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तलिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आह्वान गरी स्वीकृत गर्ने, स्थानीय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउने र सामग्री उपलब्ध र ढुवानी गराई कार्यान्वयन गर्ने विषयलाई समेत ध्यान दिनुपर्ने, कार्यक्रम सूचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समय भित्र कार्य सम्पन्न गर्न अन्य निकायसँग लिनुपर्ने सहयोग र स्वीकृतिबारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरिसक्नुपर्ने उल्लेख छ । यो वर्ष उपभोक्ता समित मार्फत निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएका रु.५,६८,३८,८१८।- लागत अनुमान रहेका ७० वटा योजना अधुरो भएकोले क्रमागत योजनामा राखी कार्यान्वयन गरेको देखियो । उपभोक्ता समितिबाट सम्पादन गरिने कार्यमा म्याद थपको प्रावधान समेत नरहेकोमा आर्थिक वर्षमा सम्पन्न नगराई क्रमागत राख्नु उपयुक्त देखिएन । | |
| २३. | **उपभोक्ता समितिबाट भएको कार्यः** यो वर्ष उपमहानगरपालिकाले रु. ४५,३३,८७,५१७।– लागत अनुमान रहेका विभिन्न ६७३ योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गराई रु. ४३,६०,०३,७७२।- भुक्तानी दिएको देखिन्छ । उपभोक्ता समिति मार्फत गराएको कामको सम्वन्धमा देखिएको व्यहोरा निम्न छन् : | |
| २३.१. | **उपभोक्ता समिति दर्ता** – संस्था दर्ता ऐन, २०३४ दफा ३ अनसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । कार्यालयले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| २३.२. | **मर्मत सम्भार कोष** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । साथै उपमहानगरपालिकाले विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्न सम्बन्धित | |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| | उपभोक्ता समितिसँग गरेको सम्झौताको शर्तमा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिको हुने उल्लेख नभएकोले सम्पन्न आयोजनाको मर्मत सम्भार लगायत दीगो पनाको सम्वन्धमा आस्वस्त हुने स्थिति रहेको छैन । उपभोक्ता समितिहरुले सम्पन्न योजनाको मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ । | |
| २३.३. | **हेभी इक्विपमेण्टको प्रयोग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर, जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । उपमहानगरपालिकाले लागत अनुमान तयार गर्दा नै मेशिनबाट कार्य गर्ने गरी लागत अनुमान तयार गरी सोही दरमा उपभोक्ता समितिसँग सम्झौता गरेको छ । सञ्चालित सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले लोडर, रोलर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गरी कार्य गराएकाले निर्माण कार्य गराउँदा सार्वजनिक खरिद नियमावलीको पालना गरेको देखिएन । | |
| २३.४. | **निर्माण कार्यको गुणस्तर –** नगरकार्यपालिका कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । उपमहानगरपालिकाले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न ग्यवियन तार, कंक्रिट क्यूब, सीमेन्ट तथा स्याण्ड मोर्टारमा गाह्रो लगाउने जस्ता कार्यमा प्रयोग हुने निर्माण सामग्रीको गुणस्तर परीक्षण गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः नियममा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक व्यवस्था हुनुपर्दछ । | |
| २३.५. | **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । नगरँपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट, बाटो पीच गर्ने जस्ता जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । उपमहानगरपालिकाले उपभोक्तालाई हस्तान्तरण गर्न नसकिने सरकारी भवनमा तला थप गर्ने जस्ता कार्यसमेत उपभोक्ता समिति मार्फत गराएको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायिक फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउनु पर्दछ । | |
| २३.६. | **लागत सहभागिता** : उपमहानगरपालिकाको विकास नीति तथा कार्यक्रमको सि.नं. १० उपमहानगरपालिकाले अवलम्वन गर्दै आएको लागत सहभागितको नीतिलाई समतामुलक विकासको लागि शहरी, अर्धशहरी र ग्रामीण प्रकृतिका क्षेत्र र विस्तारित वडाको वर्ग अनुसार पूर्वाधार विकाससँग सम्वन्धित क्षेत्रगत परियोजनाका लागि उपभोक्ताले व्यहोर्नुपर्ने लागत सहभागिताको रकममा सकारात्मक विभेदको नीतिलाई निरन्तरता दिईने उल्लेख छ । उपमहानगरपालिकाले उक्त व्यवस्था अनुसार विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्ने क्रममा सार्वजनिक खरिद नियमावलीको व्यवस्था अनुसार नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको पाइएन । लेखापरीक्षणको क्रममा देहायका निर्माण कार्य उपभोक्ता समितिमार्फत गर्दा उपमहानगरपालिकाले लिएको लागत सहभागिताको सकारात्मक विभेदको नीति अनुसार हेटौडा न.पा. ५ मा विगतदेखि अवलम्वन गरेको नीति अनुसार उपभोक्ताले ४० प्रतिशत लागत सहभागिता व्यहोर्नुपर्ने भएता पनि सोभन्दा घटी लागत सहभागितमा कार्य गराएको केही उदाहरण निम्न अनुसार छ । नीतिको पालना नहुँदा निम्न तीनकाममा मात्र उपमहानगरपालिकालाई रु. ३७,७५,७७६/- थप व्ययभार पारेको देखियो । नगरसभाबाट पारित नीति विपरित अतिरिक्त व्यभार पार्ने गरी योजना सञ्चालन गरेको नियमित देखिएन रु...... | ३७,७५,७७६/- |

| उ.स.को नाम | सम्झौता | उ.स.ले व्यहोरेको रकम | नीतिअनुसार उ.स.ले व्यहोर्नु पर्ने रकम | थप व्ययभार |
|---|---|---|---|---|
| पिप्ले सडक स्तरिकरण तथा निर्माण उ.स | ३७५७३७३ | ७५२३७३ | १५०२९४९ | ७५०५७६ |
| ढल निर्माण उ.स. | ७५२२५९६ | १२२२५९६ | ३००९०३८ | १७८६४४२ |
| भैरव रोड चिसापानी सडक निर्माण उ.स. | ६२६८७३७ | १२६८७३७ | २५०७४९५ | १२३८७५८ |

| कार्यालयः हेटौडा उपमहानगरपालिका, मकवानपुर | | आ.व.२०७५।७६ |
|---|---|---|
| **सि.नं.** | **गो.भौ.नं. र व्यहोरा** | **रकम** |
| | **जम्मा** १७५४८७०६ ३२४३७०६ ७०१९४८२ ३७७५७७६ | |
| | **आन्तरिक चालु खर्चतर्फ** | |
| २४. | **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख सम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा सिलवन्दी दरभाउ पत्र आव्हान गरी खरिद गर्न सकिने व्यवस्था छ। त्यसैगरी सोही नियमावलीको नियम ३१ मा सार्वजनिक निकायले वीस लाख रुपैयाँ भन्दा वढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्न पर्दा खुला वोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। उपमहानगरपालिकाले यस वर्ष देहाय वमोजिमको खरिद कार्य गर्दा खरिद योजना नबनाई प्रतिस्पर्धा बेगर पटक पटक सोझै खरिद गरेकोले उक्त खरिद कार्य नियम सम्मत नदेखिएको रु............. | ०.००२०/- |

| क्र.सं. | कार्यक्रमको नाम | कामको प्रकृति | लागत अनुमान | टुक्रा संख्या (पटक) | खर्च रकम रु. |
|---|---|---|---|---|---|
| १ | सडक बत्ती तथा उर्जा | नगर क्षेत्रभित्रको सडकबत्ती व्यवस्थापन कार्यको लागि विद्युतीय सामाग्री खरिद | ४०००००० | २ | ९४५१३२.०० |
| २ | सडकबत्ती तथा उर्जा | ब्राकेट खरिद | | ५ | १२८९६१२.०० |
| ३ | मसलन्द | कार्यालय एवं वडा कार्यालयहरुको लागि मसलन्द सामाग्री खरिद | २५००००० | १० | १९६५३४१.०२ |
| ४ | खाद्य प्रयोगशाला संचालन | प्रयोगशालासम्बन्धी सामाग्री खरिद | २०००००० | ५ | १०५९७०७.२२ |
| ५ | शिक्षा क्षेत्र | सामुदायिक विद्यालयका छात्राहरुलाई सेनेटरी प्याड वितरण | १४२५००० | २ | ९९९८१८.३६ |
| ६ | कम्प्युटर प्रिन्टर तथा अन्य मेसिनरी औजार | कार्यालय तथा वडा कार्यालयहरुमा आवश्यक कम्प्युटर, प्रिन्टर खरिद | ३०००००० | २१ | १९७३३२३.६ |
| ७ | औषधी खरिद(स्वास्थ्य) | स्वास्थ्य संस्थाहरुबाट निशुल्क वितरण गर्नका लागि औषधी खरिद | २४००००० | ३ | १४७८८३०.०० |
| ८ | शहरी स्वास्थ्य प्रवर्धन केन्द्र स्थापना र संचालन | हटिया १७ मा स्थापित श.स्वा.के लाई औषधी एवं ल्यावको सामाग्री खरिद | ३८५६००० | ५ | १४५०८५०.१० |
| ९ | शहरी स्वास्थ्य प्रवर्धनकेन्द्र स्थापना र संचालन | हेटौडा ७ मा स्थापित श.स्वा.के लाई औषधी एवं आयुर्वेदिक औषधी खरिद | ४०००००० | २ | ९२९१४६.०० |
| १० | फर्निचर तथा फर्निसिङ | उपमहानगरपालिका कार्यालय एवं वडा कार्यालयहरुमा फर्निचर खरिद | ४५००००० | ४६ | ३४४८१५१.५ |
| ११ | छपाई | छपाई सामाग्री | ४०००००० | ३३ | ३१७०२०८.०० |
| | | | | जम्मा | १८७१०११९.८० |

| | | |
|---|---|---|
| २५. | **बाखा वितरण :-** यस उपमहानगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार वडा नंवर १ को दलित उत्थान कार्यक्रममा रु. २ लाख वजेट व्यवस्था भएकोमा उक्त वजेट मध्ये रु. १,५०,०००।- बाट दलित वर्गलाई बाखा वितरण गर्ने गरी दलित वर्ग उत्थान समन्वय समिति हेटौंडा-१ सँग सम्झौता भएको देखियो। संझौता अनुसार उक्त समितिले २१ वटा बाखा खरिद गरी २१ जनालाइ १/१ बटा वितरण गरेको आधारमा भौ.नं. ८५२ मिति २०७५।१२।५ बाट उक्त समितिको नाममा गएको पेश्की रु. ७५,०००।- फछ्र्यौट गरी बाँकी रु. ७५,०००।- भुक्तानी गरेको भौचर परिक्षणबाट निम्न व्यहोरा देखियो। | |
| | क) उक्त समितिले अविरल कृषि एण्ड पशु फर्म प्रा.लि. मकवानपुर गढीबाट २१ वटा बाखा प्रतिगोटा रु. ६,४५०।- ले खरिद गरी रु. १,३५,४५०।- भुक्तानी गरेको देखियो। उक्त खरिद गर्दा आयकर ऐन, २०५८ अनुसार १.५ प्रतिशतले हुने रु. २,०३१।- अग्रिम कर कट्टी गरी वाँकी रकम भुक्तानी गर्नुपर्नेमा पुरै भुक्तानी गरेकोले अग्रिम कर कट्टी गर्न छुट भएको रकम असुल गरी दाखिला हुनुपर्ने रु............ | २,०३१/- |
| | ख) उपमहानगरपालिकाले लक्षित वर्गलाई यस किसिमको अनुदान उपलब्ध गराउँदा अनुदान रकमको दुरुपयोग नहोस एवं राज्यले गरेको लगानीबाट लक्षित वर्गले प्रतिफल प्राप्त गर्न सकुन भनि सम्झौता गर्दा वितरण गरिएका बाखा निश्चित अवधिसम्म वेचविखन गर्न नपाउने, पशु विमा अनिवार्य गराउनु पर्ने जस्ता प्रावधान राख्नु पर्नेमा सम्झौतामा यी कुराहरु उल्लेख गरेको पाईएन। यसले गर्दा यसरी वितरण गरेका बाखा वेचविखन हुनसक्ने एवं मृत्यु भएमा त्यसको क्षतिपूर्ति प्राप्त हुन नसकी लक्ष्य पुरा नहुने हुँदा यस तर्फ उपमहानगरपालिकाले ध्यान दिनु पर्ने देखिन्छ। | |
| २६. | **अग्रिम कर :-** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार खरिद विलको भुक्तानी गर्दा १.५ | १,९२६/- |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| | प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । देहाय वमोजिमको भुक्तानीमा अग्रिम करकट्टी नगरी भुक्तानी गरेको पाईएकोले उक्त रकम असुल गरी दाखिला हुनुपर्ने रु…………………… | |

| भौ.नं. मिति | आपुर्तक | भुक्तानी रकम | अग्रिम कर |
|---|---|---|---|
| ७४/०७५/५/१२ | विश्व प्रिन्टङ्ग सोलुसन | ७९५५२ | १०५६ |
| ६४८/०७५/१०/१ | इलाइट स्टेशन | ६५५४० | ८७० |
| | | जम्मा | १९२६ |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| २७. | **सामाजिक सुरक्षा कर :-** आर्थिक ऐन, २०७५ अनुसार पारिश्रमिक भुक्तानी गर्दा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टी गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ. नं. १०९९ मिति २०७६।१।१७ बाट शहरी स्वास्थ्य केन्द्रका करार कर्मचारीरुलाई माघ महिनाको पारीश्रमीक रु २०१९२० भूक्तानि गर्दा १ प्रतिसत सामाजिक सुरक्षा कर रु. २,०१९।- कट्टा गरेको नदेखिएकोले असुल गरी दाखिला हुनुपर्ने रु……… | २,०१९/- |
| २८. | **हेटौंडा अस्पताललाई अनुदान :-** निकायले दिएको अनुदान सोही प्रयोजनमा उपयोग हुनु पर्दछ । अनुदानसम्वन्धि कार्यविधि वेगर उपमहानगर नगरकार्यपालिकाको २०७६।१।११ को वैठकको निर्णय नंवर १९ अनुसार हेटौंडा अस्पताल परिसरमा मृगौला डायलासिस सेन्टर संचालन गर्नका लागि भौ.नं. १२९७ मिति २०७६।२।२१ बाट प्रदेश लेखा नियन्त्रक कार्यालयको खातामा जम्मा हुने गरी रु.४०,००,०००।- उपलब्ध गराएको पाइयो । अनुदान प्राप्त गर्ने निकायसँग अनुदान उपयोग सम्वन्धमा भएको सम्झौता लेखापरीक्षणको लागि पेश भएको छैन । अनुदानबाट अस्पतालले तोकिए बमोजिमको निर्माण कार्य सम्पन्न गरेको देखिने प्रमाण कागजात पेश भएको छैन । अतः डाइलासिस सेन्टर निर्माणका लागि प्राप्त रकम सोही प्रयोजनमा उपयोग भएको देखिने प्रमाण कागजात पेश गर्नु पर्ने रु……… | ४०,००,०००/- |
| २९. | **वैठक भत्ता :-** स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ अनुसार स्थानिय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसुची-२ बमोजिम पद तथा गोपनियताको सपथ लिई आफ्नो पदको काम कारवाही शुरु गरेको मिति देखी अनुसुची-१ मा उल्लेख भए वमोजिमको रकम मासिक सुविधा वापत पाउने व्यवस्था छ । त्यसैगरी सोही ऐनको दफा ४ मा पदाधिकारी र कर्मचारी वाहेकका सदस्य र सभाका सदस्यले न्यायिक समिति वा कुनै समितिका बैठकमा भाग लिए वापत अनुसुची-१ मा उल्लेख भए वमोजिमको वैठक भत्ता वापतको रकम पाउने उल्लेख छ। अनुसुची-१ को क्र.सं. ६ मा इजलास भत्ता (न्यायिक समिति ) तथा क्र.सं.७ मा समिति भत्ता (विधायन समिति, लेखा समिति र सुशासन समिति ) वाहेक अन्य भत्ता पाउने व्यवस्था गरेको छैन । यस वर्ष यस उपमहानगरपालिकाका १९ वडामा प्रतिमहिना ३ वटाका दरले वैठक वसी प्रति पदाधिकारी तथा कर्मचारीलाई रु.१,०००।- का दरले र विभिन्न मितिमा कार्यपालिकाको वैठक तथा नगरसभाको बैठक बसी रु.१२०० का दरले भुक्तानी दिई रु. ५२,५६,२००।- खर्च लेखेको छ । प्रदेश कानुनले यस किसिमको वैठक भत्ता दिन मिल्ने व्यवस्था गरेको देखिएन रु…………….. | ५२,५६,२००/- |
| ३०. | **कर्मचारीलाई थप सुविधा :-** यस उपमहानगरपालिकाले यस वर्ष परिषदको निर्णयबाट देहाय वमोजिम रु. ६०,४९,८१४।- थप सुविधा उपलब्ध गराएको छ । काम गर्ने कमचारीलाई कार्यसम्पादनमा आधरित एबं नतिजामुलक तरिकाले थप सुविधा उपलव्ध गराउनुपर्नेमा एकमुष्ट रुपमा सुबिधा उपलव्ध गराएको रु | ६०४९८१४/- |

| सि.नं | विवरण | कर्मचारी संख्या | दर(मासिक) | जम्मा रकम (वार्षिक) |
|---|---|---|---|---|
| १. | विभिन्न कर्मचारी संचार सुविधा | १५६(करार समेत) | ५०० | ९१९००० |
| २. | विभिन्न कर्मचारी खाजा खर्च | १५६(करार समेत) | ४०० | ७३९००० |
| ३. | वडा सचिव थप सुविधा | १९ | १००० | २२८००० |
| ४. | सरसफाई कर्मचारी थप सुविधा | २६ | ८०० | २४९६०० |
| ५. | नगर प्रहरी तथा वारुण यन्त्रका कर्मचारी राशन सुविधा | १७ | विभिन्न | ८४२२१४ |
| ६. | प्रमुख प्रशासकीय अधिकृत मासिक थप सुविधा | १ | २५००० | ३००००० |
| ७. | विधिन्न कर्मचारी मासिक थप सुविधा | १४४ | विभिन्न दर (१०००-४०००) | २७७२००० |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| | *जम्मा* ६०४९८१४ | |
| ३१. | **कार्यविधि नवनाई अनुदान :-** यस उपमहानगरपालिकाले विभिन्न संघ संस्थाहरुलाई दिने गरेको अनुदान सम्वन्धमा कुनै कार्यविधि वनाएको देखिएन । कुन कुन संस्थालाई के वापत कति अनुदान दिएको हो सो सम्वन्धमा स्पष्ट हुनेगरी व्यवस्थित रुपमा अभिलेख राखेको छैन । यसरी अनुदान दिएका संस्थाहरुले प्राप्त गरेको अनुदान रकमको वील भर्पाई पेश गर्नु पर्ने वा नपर्ने सम्वन्धमा संम्झौता गरी कुनै प्रावधान राखेको छैन । कार्यविधि नवनाई तोक आदेश तथा वोर्डबाट निर्णय गरी दिएको यस्तो रकम सहि सदुपयोग भए नभएको सम्वन्धमा एकिन गर्न सकिने अवस्था देखिएन । यसरी दिइएका अनुदान रकमका केही उदाहरण देहाय बमोजिम छन् । कार्यविधि वनाई अनुदान व्यवस्थित गर्नु पर्दछ । | |

| सि.नं. | अनुदान प्राप्तसंस्थाको नाम | विवरण | रकम |
|---|---|---|---|
| १. | ब्रम्हकुमारी राजयोग सेवा केन्द्र हेटौंडा | पुस्पलाल पार्कको सुरक्षा तथा सरसफाई | ५००००० |
| २. | मावन सेवा आश्रम हेटौंडा | घर भाडाको लागी | ५३२८०० |
| ३. | साहित्य संगम मकवानपुर | पुस्तकालय तथा वाचनालय व्यवस्थापन | २००००० |
| ४. | कमाने सहरी स्वास्थ्य केन्द्र | स्वास्थ्य केन्द्र संचालन गर्न | ५०००० |
| ५. | लोकतान्त्रीक (हुप्र) चौर व्यवस्थापन समिति | चौरको रेखदेख गर्ने खर्च | ४८००० |
| ६. | नेपाल पत्रकार महासंघ ३ नंवर प्रदेश | मिडिया सम्मेलन | १००००० |
| | | जम्मा | १४३०८०० |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ३२. | **वेशिक तथा एडभान्स सिलाई तालिम :-** यस उपमहानगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार दलित जनजाति र विपन्न वर्गको जनसमुदायको जीवनस्तर सुधार गर्न सीप मूलक तालिम दिने उद्देस्यले उपमहानगरपालिका र दलित उत्थान वडा समन्वय समिति हेटौंडा ३ वीच मिति २०७५।१०।१५ मा सम्झौता भई ३ महिने शिलाई तालिम सम्मन्न गरेवापत भौ.नं.१५६५ मिति २०७६।३।२३ बाट रु. २,००,०००।- भुक्तानी गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन्: | |
| | क) दुइ जना प्रशिक्षकलाई भुक्तानी भएको पारिश्रमिक रु. ९०,०००।- मा आयकर ऐन २०५८ अनुसार कट्टी गरिएको पारिश्रमिक कर रु. १३,५००।- मध्ये रु. ६,७५०।- मात्र दाखिला भएकोले नपुग रु. ६,७५०।- अशुल गरी दाखिला हुनुपर्ने रु............. | ६,७५०/- |
| | ख) उक्त तालिममा दुइ समुहमा गरी ४० जनालाई तालिम दिइएको भनिएकोमा सहभागिहरुको हाजिरी पेश भएको छैन । | |
| ३३. | **सिलाई कटाई तालिम :-** यस उपमहानगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार विपन्न वर्गका महिला र किशोरीहरुलाई सीप सिकाई आत्मबल बृद्धि गर्नका लागि ३ महिने सिलाई कटाई तालिम संचालन वापत परिवर्तन किसोरी समुह हेटौंडा १९ लाई भौ.नं. १४२४ मिति २०७६।३।९ वाट रु. १,००,०००।- भुक्तानी गरेको छ । लक्ष्य अनुसार २० जनालाई तालिम दिएको प्रतिवेदनबाट देखिन्छ । उक्त तालिम कार्यक्रमका लागि रु. ४७,४६०।- का ४ सेट सिलाई मेशिन खरिद गरेको छ । उक्त समुहसँग कार्यालयले गरेको सम्झौता लेखापरिक्षणमा पेश भएन । तालिम कार्यक्रममा खरीद गरिएका मेशिन कस्ले के सर्तमा उपयोग गरेको हो सो खुल्न नआएको हुँदा सो सम्बन्धमा आस्वस्त हुने प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने । रु....... | ४७,४६०/- |
| | **पूँजिगत तर्फ** | |
| ३४. | फुटपाथ, ड्रेन कन्स्ट्रक्सन र मेन्टेनेन्स वर्क_(ठेक्का नं : HMUN/CC/ 14/2075/76) का लागि मिति २०७६/०२/१६ मा रोजन निर्माण सेवा प्रा.लि.सँग २०७६।३।२४ सम्ममा सम्पन्न गर्ने गरी ८१,२५,६०७/- को सम्झौता भएको थियो । उक्त कार्यको लागि हालसम्म रु.५९,३८,०६०।- भुक्तानी दिएको छ । सो खरिद सम्वन्धमा देखिएको प्रमुख व्यहोरा निम्नानुसार छन्: | |
| ३५. | **म्याद थप नभएको**: सार्वजनिक खरिद नियमाबली २०६४ को नियम १२० मा सम्झौतामा उल्लेखित अबधिभित्र सम्झौता बमोजिमको काम सम्पन्न गर्न नसकिने भएमा निर्माण व्यवसायीको ढिलाईको कारण वा अन्य उपयुक्त कारण यकिन गरी निर्माण व्यवसायीको ढिलाईको कारण भएमा पुर्बनिर्धारित क्षतिपुर्ति लाग्नेगरि र अन्य मनासिब कारण भएमा नलाग्ने गरि निश्चित अबधि म्याद थप गर्न सकिने | |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| | व्यबस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईका कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्ना दशमलब शुन्ना पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । उल्लेखित मिति सम्ममा कार्य सम्पादन नभएको र म्याद थप पनि नभएकोले समयमा काम नसक्ने ठेकेदारलाई जिम्मेवार बनाइ पूर्वनिर्धारित क्षतिपूर्ति असूल गर्नुपर्दछ । | |
| ३५.१. | **५० प्रतिशत मु.अ.करः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग बमोजिम सरकारी निकायले ठेक्का वा करारको बापतको रकम भुक्तानी गर्दा कर रकमको ५०% रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गर्नुपर्ने व्यवस्था छ । सेवा प्रदायकलाई विल भुक्तानी दिदा भुक्तानी दिएको मु.अ.कर रु. २,०२,७६८।- को ५० प्रतिशतले हुने रु. १,०१,३८४।- कट्टा नगरेकोले मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ रु...... | १,०१,३८४/- |
| ३६. | **दोहोरो ठेक्काः** हेटौंडा १३ मा कालेपत्रे सडक निर्माणको लागि मिति २०७६/०२/१५ मा ए.के. बिल्डर्ससँग ८७० मिटर सडक कालोपत्रे गर्ने कार्यको लागि रु ७२,१५,३१०/- मा मिति २०७६/०३/२४ सम्ममा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०७६/०९/२३ सम्म म्याद थप भएको देखियो । प्रदेश सरकारबाट पनि सोहि बाटोको लागि बजेट छुट्याइ ठेक्कासमेत लगाएको र सोको जानकारी उपमहानगरपालीकामा नभएकोले कार्य सम्पादनमा कठिनाइ भएपछि समझदारीमा ५१० मि.हेटौडा उपमहानगरपालिका र बाँकि प्रदेश सरकारले गरेको देखियो । सो कार्यको संशोधित लागत अनुमान तयार गरेको देखिएन । एकै कामको लागि दुई सरकारबाट बजेट स्वीकृत तथा समन्वयको अभावले कार्य सम्पादनमा ढिलाइ भएको देखियो । विस्त्रीत योजना, आपसि समन्वय र सहकार्यको माध्यमबाट विकास निर्माणको काममा हुने दोहोरोपना नियन्त्रण गर्नेतर्फ उपमहानगरले ध्यान दिनु पर्दछ । | |
| ३७. | हटिया चिसापानी शक्तिखोला जोड्ने सडक स्ल्याव ढलान कार्यको लागि निर्माण व्यवसायी मित्र/विजयलक्ष्मी/ गोपाली एण्ड सन्स जेभीसँग २०७६ वैशाख ३० सम्म सम्पन्न गर्ने गरी सम्झौता भए अनुसार निजलाई अन्तिम विल समेत रु. ३१,३६,४८०/- भुक्तानी दिएको छ । सो निर्माणकार्यको सम्झौताको पालना सम्वन्धमा निम्न व्यहोरा देखियोः | |
| ३७.१. | **प्रोग्राम अपडेट**ः हटिया चिसापानी शक्तिखोला जोड्ने सडक स्ल्याव ढलान कार्यको सम्झौताको स्पेशल कण्डिशन अफ कन्ट्राक्टको जी.सी.सी.३४.३ मा ३०-३० दिनमा प्रोग्राम अपडेट गर्नुपर्ने उल्लेख गरेको छ । निर्माण व्यवसायीले पहिलो पटकको लागि पनि डिटेल प्रोग्राम पेश गरेको तथा सम्झौता बमोजिम प्रोग्राम अपडेट गरी पेश गरेको देखिएन । सो कार्य नगरेवापत उल्लिखित शर्त अनुसार रु.२,०,०००।- वीदहेल्ड गर्नुपर्नेमा भुक्तानी रकमबाट वीदहेल्ड गरेको देखिएन । कार्यसम्पन्न भईसक्दा पनि निर्माण व्यवसायीले प्रोग्राम अपडेट पेश नगरेकोले सो रकम असुल गर्नु पर्दछ रु...... | २०,०००/- |
| ३७.२. | **एजविल्ट ड्रईङ**ः सम्झौताको स्पेशल कण्डिशन अफ कन्ट्राक्टको जी.सी.सी.७१.२ मा निर्माण व्यवसायीले कार्यसम्पन्न भएको ३० दिनसम्ममा एजविल्ट ड्इङ पेशगर्नुपर्ने उल्लेख गरेको छ । निर्माण व्यवसायी मित्र/विजयलक्ष्मी/ गोपाली एण्ड सन्स जेभीले एजविल्ट ड्इङ पेश गरेको देखिएन । सो कार्य नगरेवापत उल्लिखित शर्त अनुसार रु.४०,०००।- वीदहेल्ड गर्नुपर्नेमा भुक्तानी रकमबाट वीदहेल्ड गरेको देखिएन । निर्धारित समयमा एजविल्ट ड्इङ पेश नगरेकोले सो रकम असुल गर्नु पर्दछ रु...... | ४०,०००/- |
| ३८. | प्रदेश सरकार हस्तान्तरित कार्यक्रमबाट कुखरेनी खोला नदी नियन्त्रण कार्य (ठेक्का नं. १०।२०७५।७६) को लागि मूल्यअभिवृद्धि कर वाहेक रु.४३,५७,६६२।०८ को लागत अनुमान तयार गरी वोलपत्र आव्हान गरेकोमा राना कन्स्ट्रक्सनको मूल्यअभिवृद्धि कर वाहेक रु.२९,७८,७७९।९१ (३१.६४ प्रतिशत न्यून) कवोल अंक भएको बोलपत्र सारभुत प्रभावग्राही ठहर गरी स्वीकृत गरी सम्झौता गरेको देखियो । रु. ३२,५४,१४०।६७ मा सम्पन्न भएको सो खरिद सम्झौता सम्वन्धमा निम्न व्यहोरा देखियोः | |
| ३८.१. | **वोलपत्रको विशेष मुल्यांकन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ मा बोलपत्रदाताले सन्तोषजनक रुपमा काम सम्पन्न गर्न नसक्ने गरी न्यून कबोल अंक उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेसिफिकेशन गलत रुपमा बुझि वा नबुझि अस्वाभाविक न्यून कबोल अङ्क उल्लेख गरेको वा फ्रण्ट लोडिङ भए नभएको मुल्यांकन समितिले जाँच गर्नुपर्ने व्यवस्था छ । बोलपत्रदाताले वि.ओ.क्यू.को आइटमको लागि अस्वाभाविक उच्च अंक वा अस्वाभाविक न्यून अंक | |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|

उल्लेख गरेको अवस्थामा निजलाई दर विश्लेषण सहित स्पष्टिकरण सोधिने, स्पष्टिकरण सन्तोषजनक भएमा बोलपत्रदातासँग कबोल अंकको ८ प्रतिशतले हुने रकम वरावर थप कार्यसम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्न सिफारिश गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा बोलपत्र अस्वीकृत गर्न सक्ने उल्लेख छ । कुखरेनी खोला नदी नियन्त्रण कार्यको वोलपत्र दाता राना कन्स्ट्रक्सनले लागत अनुमानको तुलनामा ३१.६४ प्रतिशत घटीमा कवोल गरेको बोलपत्र प्रभावग्राही ठहर गरी सम्झौता गरेको देखिन्छ । उक्त खरिद सम्झौतामा स्वीकृत बोलपत्र दाताले महत्वपूर्ण आइटममा लागत अनुमान भन्दा देहाय अनुसार २८.९२ देखि ४२.५१ प्रतिशतसम्म घटी कबोल गरेकोमा नियममा व्यवस्था भएअनुसार विशेष मुल्याँकन गरी थप कार्यसम्पादन जमानत लिएको देखिएन । खरिद कारवाही गर्दा खरिद ऐन तथा नियमको प्रावधानको पालना गर्नु पर्दछ ।

| कामको विवरण | परिमाण | कार्यालयको लागत अनुमान | वोलपत्रको दर | घटी प्रतिशत |
|---|---|---|---|---|
| ३*१*१ को जाली (थान) | २४० | ५४८७ | ३९०० | २८.९२ |
| २*१*१ को जाली (थान) | १२० | ३८२६.९७ | २७५० | २८.१४ |
| २*१*०.५ को (जाली) | १२० | २६०९.०६ | १५०० | ४२.५१ |
| ढुङ्गा भर्ने काम (घ.मी) | १०८० | १९५९.६० | १३८० | २९.५७ |

३८.२. **गुणस्तर परिक्षणः** नदिनियन्त्रण कार्यको लागत अनुमानमा मिडियम कोटेड ग्यावियन तारको दर प्रयोग गरेको छ । बोलपत्रमा निर्माण व्यवसायीले ग्यावीयन वक्सको मुल्यमा लागत अनुमानको तुलनामा ४२.५१ प्रतिशतसम्म घटी दर कवुल गरेकोले अस्वभाविक दरमा काम गर्न मञ्जुर गरेको देखिन्छ । निर्माण व्यवसायीले जालीमा प्रयोग गरेको तारको गुणस्तर परीक्षण गराएको देखिएन । अस्वभाविक दर उल्लेख गरेको र तारको गुणस्तर परीक्षण नगराएको कारण स्पेसिफिकेशन अनुसार मिडियम कोटेड तार प्रयोग भएको कुरामा आस्वस्त हुन सक्ने स्थिति देखिएन । अतः निर्माण व्यवसायीले तोकिएको स्पेशिफिकेशन बमोजिमको सामग्री प्रयोग गरेको सुनिश्चित गर्न अनुगमन प्रतिवेदन पेश गर्नु पर्दछ रु......

रकम: ३२,५४,१४०/६०

३९. **लागत साझेदारी**: उपमहानगरपालिकाले गो.भौ.नं.३२५।०७६।१०।३ बाट हेटौंडा खानेपानी व्यवस्थापन वोर्डलाई खानेपानी योजना निर्माण गर्न लागत साझेदारी रकम वापत रु.५१,७२,०१४।६६ भुक्तानी दिएको देखियो । लागत साझेदारीमा सञ्चालन गरिने आयोजना, ती आयोजनाको लागत, साझेदारी सस्थाहरु र ती संस्थाले व्यहोर्ने रकम खुलाई सम्झौता गरी भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ ।

**नगरपालिका पूजीगत**

४०. **ट्रान्सफरमरको रकम भुक्तानी :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चका विल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले वडा नंवर १२ स्थित रमेश चोक देखि भोर्ले दोरेङ्गे डाँडासम्म हाइ भोल्टेज विद्युत लाईन विस्तारका लागि १०० KVA को नयाँ ट्रान्सफरमर १ थान जडान वापत भौ.नं. ६२५ मिति २०७६।१।३० बाट नेपाल विद्युत प्राधिकरण हेटौंडा शाखालाई रु. ३,७५,०००।- भुक्तानी गरेको छ । उक्त ट्रान्सफरमर जडानका गरेको नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन लेखा परीक्षणमा पेश नभएको रु.........

रकम: ३,७५,०००/-

४१. **संस्थागत अनुदान :-** कार्यालयले आफ्नो स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यक्रम संचालन गरी वजेट खर्च गर्नु पर्दछ । यस उप-महानगरपालिकाको यस आ.व. को स्वीकृत वार्षिक कार्यक्रममा देहाय बमोजिमका संस्थालाई रकम विनियोजन गरेको नभएतापनि नगर प्रमुखको तोक आदेश तथा कार्यलयको निर्णय अनुसार विविध पूर्वाधार विकास तथा विद्यालय पूर्वाधार संरचना निर्माण कार्यक्रममा छुट्याइएको रकमबाट अनुदानको रुपमा भुक्तानी दिएको छ । अनुदान सम्वन्धी कार्यविधि नवनाई तथा सम्झौता समेत नगरी निशर्त रुपमा यस्तो रकम उपलब्ध गराउनु नियम सम्मत देखिदैन रु.......

रकम: ०/-

| भौ. नं. मिति | विवरण | अनुदान प्राप्त गर्ने संस्था | अनुदान रकम रु. |
|---|---|---|---|
| ६३२/०७६/२/२ | भवन निर्माणको लागि | मानव सेवा आश्रम हेटौडा | १०००००० |
| ६०/०७५/५/६ | विद्यालय संचालन र भौतिक पूर्वाधारका लागि | आनन्द भैरब नि.मा.वि. हेटौडा | १५०००० |
| | | जम्मा | ११५०००० |

| कार्यालय: हेटौडा उपमहानगरपालिका, मकवानपुर | | आ.व.२०७५।७६ |
|---|---|---|
| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
| ४२. | **सवारी साधन तथा अन्य साधन खरिद :-** यस वर्ष कार्यालयले आन्तरिक श्रोतबाट ट्रिपर दुई थान रु. ७८,३०,०००।- टेलर सहितको ट्याक्टर एक थान रु. १९,९८,०००।- दमकल एक थान रु. ५२,००,०००।-, मोटरसाइकल अठार थान रु. ३२,६२,२९९।८८ र स्कुटर दुई थान रु. ४,०४,३००।- समेत रु. १,८६,९४,५९९।८८ का सवारी साधन खरिद गरेको देखिन्छ । भविष्यको लागत अवस्था समेत हेरी अति आवश्यक सवारी साधनमात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ । | |
| ४३. | **कार्य सम्पन्न नभएको :-** ठेक्का नंवर १।२०७४।७५ लोकप्रिय होटलदेखि मानसचोक हुँदै संगमचोक सम्मको सडक स्तरोन्नती तथा फुटपाथ निर्माण कार्य मिति २०७५।१।३० मा सम्पन्न गर्ने गरी मिति २०७४।९।४ मा निर्माण व्यवसायी राना/पाखिन जे.भी. सँग रु. १,१६,७०,७३१, को सम्झौता भएको देखिन्छ । शुरु सम्झौता भन्दा वढी काम थप भएकोले लागत अनुमान संसोधन पश्चात नगर प्रमुखबाट भेरियसन स्वीकृत गरी भेरियसन पछि रु. १,३२,२९,०५८।- को सम्झौता भएको देखिन्छ । थप काम गर्नु परेको, स्थानीयको विवाद एवं निर्माण सामाग्री अभाव जस्ता कारण जनाई निर्माण व्यवसायीले पटक पटक म्याद थप माग गरी २०७५।११।३० सम्ममा काम सम्पन्न गर्ने गरी कार्यालयले तेस्रो पटक म्याद थप गरेको छ । भौ.नं. ३८५।२०७५।१०।२३ बाट निर्माण व्यवसायीले पेश गरेको पाँचौ रनिङ्ग विल वापत रु. २५,०८,८६७।७४ भुक्तानी गरेको छ । यस अवधी सम्म रु. १,०८,२९,६४८।४६ (८१.८६ प्रतिशत) को काम सम्पन्न भएको विवरणबाट देखिन्छ । यसरी पटक पटक म्याद थप गर्दा समेत तोकिएको अवधिमा काम सम्मन्न गरी फरफारक भएको नदेखिएकोले नियमानुसार कार्य सम्पन्न हुनुपर्ने देखिन्छ । | |
| ४४. | **उपभोक्ता समितिबाट गरिने कार्यको म्याद थप** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टर बाट गराउन नपाउने व्यबस्था छ । कुनै कारणबस सो समिति वा समूदायले आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सुचना सार्वजनिक निकायलाई दिनु पर्ने र सार्वजनिक निकायले सो सम्बन्धमा आबस्यक जाँच गरी समिति वा समुदायसंग भएको संभ्मौता तोडी बाँकी काम ऐन र यस नियमावली बमोजिम गराउनु पर्ने व्यबस्था छ । नियमावलीमा भएको यस व्यबस्था अनुसार उपभोक्ता समितिबाट गराईने कार्यमा म्याद थप गर्न मिल्ने देखिदैन । कार्यालयले उपभोक्ता समितिसंग सम्झौता भएका काम समयमा नसकिएको अवस्थामा सोही नियमावलीको नियम १२० (३) को प्रावधान लगाई म्याद थप गराई कार्य गर्ने गरेकोछ । यस सम्बन्धि केही उदाहरण देहाय बमोजिम छन् : | |

| क्र.सं. | कामको विवरण/उपभोक्ता समिति | सम्पन्न काम रु. | सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने मिति | म्याद थप भई सम्पन्न भएको मिति |
|---|---|---|---|---|
| १. | पिप्ले सडक स्तरीकरण तथा निर्माण | ६५९७१३१ | २०७५/२/३० | २०७५/५/१२ |
| २. | नेत्रज्यातृी कालोपत्रे सडक निर्माण | ७९०१०६२ | २०७५/२/३० | २०७५/४/२१ |
| ३. | खड्कुले ठूलोभावर बाटो निर्माण | ३२९४३६८ | २०७५/२/३० | २०७५/९/२० |

| | | |
|---|---|---|
| ४५. | **शिक्षकको अभिलेख :–** शिक्षा नियमाबली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ । जसअन्तर्गत बुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती बा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले नियमाबलीमा व्यवस्था भएबमोजीमको शिक्षकको विद्यालयगत दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका शिक्षक सम्बन्धी बिबरण आदीको अभिलेख राखेको पाईएन । त्यस्तै विद्यालयगत शिक्षकको नामनामेसि सहितको अभिलेल अध्यावधिक नगरेको, स्थानिय तह भित्रका सार्वजनिक विद्यालयहरुको शैक्षिक गुणस्तर कायम गर्न अनुगमन गरी प्रतिवेदन तयार नगरेको कारण दोहोरो निकासा हुन सक्ने, दरबन्दी भन्दा बढी शिक्षकहरुको तलब विद्यालयमा निकाशा हुन सक्ने, तथा शिक्षकहरुको समग्र व्यवस्थापन गर्न कठिन हुन जान्छ । तसर्थ नियमाबलीको परीपालना गरि शिक्षक सम्बन्धी अभिलेखको उचित व्यवस्थापनमा ध्यान जानुपर्ने देखिन्छ । | |
| ४६. | **पोशाक** : शिक्षकहरुको चौमासिक तलव निकाशा दिंदा निजको तलव ग्रेड विद्यालयवाट प्राप्त | |

| कार्यालय: हेटौडा उपमहानगरपालिका, मकवानपुर | | आ.व.२०७५।७६ |
|---|---|---|
| **सि.नं.** | **गो.भौ.नं. र व्यहोरा** | **रकम** |
| | चौमासिक मागफाराम,किताबखानावाट पारित भएको तलवी प्रतिवेदन संग भिडान गरी अवकाश हुने शिक्षकहरुको अवकाश मिति भन्दा पछिको निकाशा नहुने गरी विद्यालय खातामा निकाशा दिनु पर्दछ । कार्यालयले यो वर्ष जनज्योती मा.वि मयुरधापमा तेस्रो चौमासिक तलव निकाशा दिंदा माध्यामिक तह र आधारभुत तहका १७ जना शिक्षकको पोशाका वापत रु १७००००। निकाशा दिनु पर्नेमा रु १,८०,०००। निकाशा दिएकोले पोशाकमा बढी निकाशा दिएको रु १००००। असुल गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु. | १०,०००/- |
| ४७. | **वढी ग्रेड :** सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको तलव भत्ता निकाशा दिंदा विद्यालय शिक्षक किताबखानावाट पारित तलवी प्रतिवेदनको आधारमा विद्यालयको खातामा निकाशा गर्नु पर्दछ । विद्यालय शिक्षक किताबखानाबाट पारित तलवी प्रतिवेदन अनुसार गोरक्ष नाथ मा.वि कार्यरत मा.वि.शिक्षक श्री मदन गोपाल रायको २०७५ वैशाखमा प्रति ग्रेड रु ११४०।६६ का दरले पारित ३ ग्रेडको कर्मचारी संचय कोष थप समेत निकाशा दिनुपर्नेमा ४ ग्रेड अर्थात वर्षै भर १ ग्रेड थप गरी जम्मा रु १६१९७। बढी भुक्तानी दिएको देखिएकोले असुल गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्दछ । | १६,१९७/- |
| ४८. | **सरुवा भएको शिक्षकको निकाशा :** कार्यालयले काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, बिदामा रहेका शिक्षक सम्बन्धी अभिलेख व्यवस्थित गरीराख्नु पर्दछ । आनन्द भैरव आधारभुत विद्यालयबाट सरुवा भई मिति २०७६।२।१९ देखि भुटन देवी माध्यामिक विद्यालयमा हाजिर भएका शिक्षक प्रमिला सुवेदीको तेस्रो चौमासिक(चैत्र-असार) तलव रु १२२५९२। आनन्द भैरव माध्यामिक विद्यालयमा निकाशा भै सकेपछि पुन निज शिक्षकको नाममा भुटन देवी माध्यामिक विद्यालयमा २०७६।२।१९ देखिअसार मसान्त सम्मको छुट तलव भनि रु ४२२४८। निकाशा भएको छ । शिक्षक प्रमिला सुवेदीको नाममा मिति २०७६।२।१९ देखि असार मसान्त सम्मको तलव भत्ता दुवै विद्यालयमा निकाशा भएको र निजले हाजिर भएको विद्यालयवाट तलव भत्ता खाने हुंदा दोहोरो निकाशा भएको रु ४२२४८। आनन्द भैरव आधारभुत विद्यालयबाट असुल गरी संघिय संचित कोष दाखिला हुनु पर्ने रु | ४२,२४८/- |
| ४९. | भुटन देवी माध्यामिक विद्यालयलाई आधारभुत,माध्यामिक र प्राविधिक धार तर्फका शिक्षकहरुको तलव भत्ता निकाशा दिएकोमा विद्यालयबाट पेश गरेको मागफाराम परिक्षण गर्दा देखिएको व्यहोरा निम्न अनुसार छ । | |
| ४९.१. | **बढी निकाशा :** भुटन देवी माध्यामिक विद्यालयमा कार्यरत प्राविधिक धार तर्फका माध्यामिक तहमा नियुक्त भएका प्रशिक्षक श्री मनिस महर्जन र सिवेश कुमार सिंहको तलव विद्यालय खातामा निकाशा दिंदा माध्यामिक तहको शुरु तलव स्केल रु ३०५००। का दरले निकाशा दिनुपर्नेमा रु ३४२२०। का दरलेतेस्रो चौमासिक निकाशा दिएको देखिएकोले बढी निकाशा भएको रु २९७६०। असुल गरी संघिय संचित कोषमा दाखिला हुनु पर्ने रु......... | २९,७६०/- |
| ४९.२. | **कर्मचारी संचयकोष थप :** भुटन देवी माध्यामिक विद्यालयमा प्राविधिक धार अन्तर्गत नि.मा.वि. दरवन्दीका करारमा शिक्षक श्री सन्तोष राना र सुशान्त नेपालीको तेस्रो चौमासिक तलव निकाशा दिंदा शुरु तलव स्केल रु २३५००। मा कर्मचारी संचयकोष थप रु २३५०। का दरले ४ महिनाको रु १८८००। समेत निकाशा भएको देखिएकोले करारका कर्मचारीलाई संचयकोष थप अनुदान निकाशा दिन नमिल्ने हुंदा उक्त वढी निकाशा दिएको रकम असुल गरी संघिय संचित कोष दाखिला गर्नुपर्ने रु............ | १८,८००/- |
| ४९.३. | **बढी निकाशा :** शिक्षकहरुको तलव भत्ता विद्यालय खातामा निकाशा दिंदा विद्यालय शिक्षक किताबखानावाट पारित भएको तलव ग्रेड विद्यालयवाट प्राप्त चौमासिक माग फाराम संग भिडान गरी निकाशा दिनु पर्दछ । कार्यालयले भुटन देवी माध्यामिक विद्यालय, दोस्रो चौमासिक तलव निकाशा दिंदा विद्यालयको चौमासिक मागफाराम अनुसार आधारभुत तहका २७ जना शिक्षकहरुको तलव भत्ता वापत संचय कोष थप समेत जम्मा रु ३५९५९५६। निकाशा दिनु पर्नेमा रु ३६८३७११। निकाशा दिएको देखिएकोले बढी निकाशा दिएको रु ८७७५५। असुल गरी संघिय संचित कोष दाखिला हुनुपर्ने रु................ | ८७,७५५/- |
| ५०. | **आइसिटी, विज्ञान प्रयोगशालाको लागि अनुदान :** विद्यालय क्षेत्र विकाश कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व २०७५/७६ को क्रियाकलाप नं २.१५.११.७८९ मा स्थानिय तहले ईन्टरनेटको पहुँच तथा विद्युतको नियमित आपूर्ति भएका विद्यालयहरुलाई आइसिटि ल्याव व्यवस्थापनका लागि अनुदान | ३९,००,०००/- |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| | उपलब्ध गराउने व्यवस्था रहेको, क्रियाकलाप नं २.१५.११.७९२ मा विगतमा विज्ञान प्रयोगशाला अनुदान नपाएका तथा विद्यालयको विद्यार्थी संख्या र जेष्ठता समेतलाई आधार मानि अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले भौ.नं १७३ मिति २०७६।२।१२ बाट देहाय अनुसार ३ वटा विद्यालयहरुलाई आइसिटिको प्रयोगको लागि अनुदान र ३ वटा विद्यालयहरुलाई विज्ञान प्रयोगशाला अनुदान उपलब्ध गराएकोमा विद्यालयहरुले सामग्री खरिद गरेर आइसिटि ल्याव तथा विज्ञान प्रयोगशाला व्यवस्थापन गरेको प्रमाण तथा कागजात पेश गरेको देखिएन । तसर्थ खरिद प्रकिया र मापदण्ड अनुसार सामग्री खरिद गरेरआइसिटि ल्याव, विज्ञान प्रयोगशाला स्थापना तथा सञ्चालन भएको अनुगमन प्रतिवेदन तथा प्रमाण पेश हुनु पर्दछ । रु.................. | |
| ५१. | **गणित विज्ञान र अंग्रेजी विषयका लागि सामाग्री किट्स अनुदान :**विद्यालय क्षेत्र विकाश कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व २०७५/७६ को क्रियाकलाप नं २.१५.११.७९४ मा गणित विज्ञान र अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित किड्स सामाग्री व्यवस्थाा गर्न विगतमा यस्तो अनुदान नपाएका आधारभुत तहका विद्यालयहरुमा प्रति विद्यालय रु ५०००० का दरले अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले भौ.नं १७३ मिति २०७६।२।१२ बाट देहाय अनुसार २ वटा विद्यालयहरुलाई गणित,विज्ञान र अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामाग्री किट्स व्यवस्थापन गर्न अनुदान उपलब्ध गराएकोमा कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम आधारभुत तहका विद्यालयहरुलाई ५००००। का दरले अनुदान उपलब्ध नगराई सो विपरित माध्यामिक तहको एक विद्यालयलाई ५००००। र अर्को विद्यालयलाई १५०००० अनुदान उपलब्ध गराएको देखियो ।साथै विद्यालयहरुले प्राप्त अनुदान बाट सामग्री खरिद गरेर शिक्षण सिकाई व्यवस्थापन गरेको प्रमाण कागजात पेश गरेको देखिएन । तसर्थ खरिद प्रकिया र मापदण्ड अनुसार सामग्री खरिद गरेर, विद्यार्थीको शिक्षण सिकाईमा सहजिकरणभए नभएको सम्वन्धमा अनुगमन गरी सोको अनुगमन प्रतिवेदन पेश हुनु पर्ने रु...... | २,००,०००/- |

| सि.नं | विद्यालयको नाम | अनुदानको विवरण | रकम रु. |
|---|---|---|---|
| १ | ज्योती माध्यामिक विद्यालय, हर्नामाडी | सामाग्री किट्स अनुदान | १५०००० |
| २ | निर्मल माध्यामिक विद्यालय | सामाग्री किट्स अनुदान | ५०००० |
| | | **जम्मा** | **२०००००** |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ५२. | **सामुदायिक सिकाई केन्द्र अनुदान :**विद्यालय क्षेत्र विकाश कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व २०७५/७६ को क्रियाकलाप नं २.१५.११.७७९ मा नियमित रुपमा चलेका सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन समितिको सिफारिस, स्थलगत निरिक्षण प्रतिवेदन तथा हाजिरि प्रमाणित भै आएपछि सामाजिक परिचालकको लागि रु ६२००। का दरले १२ महिनाको पारिश्रमिक र बांकी रकम प्रस्तावको आधारमा उपलब्ध गराउने उल्लेख छ । यस वर्ष नगरपालिकाले भौ.नं १४६ मिति २०७६।१।१७ बाट देहाय अनुसार १० वटा सामुदायिक सिकाई केन्द्रलाई रु २०००००। का दरले अनुदान उपलब्ध गराएकोमा कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम देहायका ५ वटासामुदायिक सिकाई केन्द्रले व्यवस्थापन समितिको सिफारिस, स्थलगत निरिक्षण प्रतिवेदन तथा सामाजिक परिचालकको हाजिरि प्रमाणित गरेको तथा बांकी रकम खर्च गर्न प्रस्ताव समेत पेश गरेको नदेखिएकोले उक्त अनुदान रकमको सदुपयोग सम्वन्धमा कार्यालयबाट अनुगमन प्रतिवेदन पेश हुनु पर्ने रु.......... | १०,००,०००/- |

| सि.नं | सामुदायिक सिकाई केन्द्रको नाम | रकम |
|---|---|---|
| १ | थाहा सामुदायिक केन्द्र | २००००० |
| २ | डाइनामिक नेपाल सामुदायिक केन्द्र | २००००० |
| ३ | आधुनिक महिला जा. सामुदायिक केन्द्र | २००००० |
| ४ | नवपशुपति सामुदायिक अध्ययन केन्द्र | २००००० |
| ५ | प्रगतीशिल सामुदायिक अध्ययन केन्द्र | २००००० |
| | जम्मा | १०,००,००० |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ५३. | **तलबी प्रतिवेदन :**स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुलाई तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नु पर्ने व्यवस्था छ । स्वास्थ्य सेवा अन्तर्गत आयूर्वेद, जनस्वास्थ्य कार्यालय, र अस्पताल तर्फ कार्यरत विभिन्न पदका ८५ जना कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी नगरपालिकाले तलव खर्च लेखेको पाइयो । जसले गर्दा कुन कुन कर्मचारीले के कति ग्रेड सुविधा पाउने हो यकिन गर्न सकिएन ।अत: तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नु पर्दछ । | |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ५४. | **औषधी खरिद :** कोटेशनको माध्यमबाट निशुल्क वितरणको लागि देहायका भौचरबाट रु २३२१४०१। को आयुर्वेदिक औषधि र रु १९५३५५६।०० को एलोपेथिक औषधि खरिद गरेकोमा देखिएको व्यहोरा निम्न अनुसार छ । | |

| भौ.नं. मिति | आपूर्तिकर्ता | रकम |
|---|---|---|
| **आयुर्वेदिक औषधी** | | |
| २०-२०७५/६/१८ | काठमाण्डौ आयुर्वेद डिष्ट्रिव्यूटर्स | ४९९००० |
| ८६-२०७५/१०/१८ | सिद्धिगणेश आयुर्वेद सप्लायर्स | ६३०४०२ |
| १०८-२०७५/११/१५ | काठमाण्डौ आयुर्वेद सप्लायर्स | २४९३३९ |
| २३७-२०७६/३/२३ | सागर देवी फर्मा | ४४४५०० |
| १५८२-२०७६/३/२७ | सुशान्त आयुर्वेदिक औषधालय | ४९८१६० |
| | जम्मा | **२३२१४०१** |
| **निशुल्क औषधी (एलोपेथिक)** | | |
| २४-२०७५/६/२१ | शाह मेडिकल स्टोर्स | ४९८९९० |
| १४८-२०७६/१/२२ | शाह मेडिकल स्टोर्स | ४८०८४० |
| २२६-२०७६/३/१६ | महेश मेडिसिन डिष्ट्रिव्यूटर्स | ४८४६४६ |
| ५६६-२०७५/९/१७ | सागर देवी फर्मा (न.पा चालुबाट) | ४८९०८० |
| | **जम्मा** | **१९५३५५६** |

(क) सार्वजनिक खरिद नियमावली,२०६४को नियम ८५ को उपनियमा १(क)मा ५ लाखसम्मको लागत अनुमान भएको सामान मात्र सिधै खरिद गर्न सकिने व्यबस्था छ । उपनियम १(क)मा बिस लाख रुपैया सम्मको औषधिजन्य मालसामान वा नेपालमा उत्पादित २० लाख रुपैया सम्मको मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्रि मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भएतापनि उक्त प्रक्रिया वेगर आयुर्वेदिक औषधी ४ वटा औषधी आपूर्तिकताबाट र निशुल्क औषधी (एलोपेथिक) एवं सर्जिकल सामानहरुको दरभाउ लिई २ वटा आपूर्तिकर्ताबाट सोझै खरिद गरेको देखियो । खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मुल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन ।

(ख) नगरपालिकाले औषधि आपुर्तक फमबाट आपुर्ती हुने औषधि WHO Gmp certified company हुनुपर्ने तथा आपुर्तीहुने औषधिको उत्पादन मिति, ब्याच नं., म्याद समाप्त मिति तथा यो औषधि बिक्रिको लागी होइन लेखेको हुनुपर्ने उल्लेख छ । भौचरसँग सलँग्न फाँटवारी परीक्षण गर्दा उपरोक्त प्रमाण समावेश भएको देखिएन । साथै आपुर्ती भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए नभएको, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्वन्धित विषय विज्ञवाट मुचुल्का उठाई राख्ने नगरेको कारण औषधिको गुणस्तर र म्याद सम्वन्धमा एकिन गर्न सकिएन यस तर्फ नगरपालिकाको ध्यान जानुपर्ने देखियो ।

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ५५. | **बढी मुल्य अभिबृद्धि कर भुक्तानी :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२(२) बमोजिम विल वा विजक प्राप्त भएपछि सार्वजनिक निकायले त्यस्तो बिल वा विजक खरिद सम्झौतामा उल्लेखित प्रावधान बमोजिम भए नभएको जांच गर्नुपर्ने उल्लेख छ । यो वर्ष नगरपालिकाले हेटौंडा अस्पतालमा भर्ना भएका विरामीहरुलाई खुवाउनु पर्ने (विरामीको खाना) रासन आपुर्ति गरेवापत कृष्णमंजु कन्स्ट्रक्सन हेटौंडालाई विल विजक भुक्तानी गर्दा उक्त आपूर्तिकर्ताले विल बनाउदा कवोल गरेको स्विकृत रासनको दररेटमा मुल्य अभिबृद्धिकर समावेश गरी सकेपछि पुन विल विजकमा मुल्य अभिबृद्धि कर थप गरी भुक्तानी माग गरेको र सोहि बमोजिम दोहोरो मु.अ.कर भुक्तानी गरेको देखिएकोले आपूर्तिकर्तालाई दोहोरो भुक्तानी भएको मु.अ.कर असुल गरी वेरुजु खातामा दाखिला हुनुपर्ने रु | ९२०३५/- |

| गो.भौ.नं र मिति | भुक्तानी हुनुपर्ने रकम(मु.अ.कर सहित) | भुक्तानी भएको रकम | बढी भुक्तानी |
|---|---|---|---|
| ३९-२०७५/७/१८ | ५४०१३० | ६१०३४७ | ७०२१७ |
| १५५-२०७६/१/३० | १६७८३४ | १८९६५२ | २१८१८ |
| | ७०७९६४ | ७९९९९९ | ९२०३५ |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ५६. | **विल भर्पाई नभएको :** आर्थिक कार्यविधिनियमावली २०६४ को नियम ३६(३) मा विलभर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायका गोश्वरा भौचर र मितिवाट विभिन्न व्यक्ति तथा संस्थालाई लाई रकम भुक्तानी गरेकोमा सो को विल भर्पाई तथा प्रमाण पेश नभएको रु | ०/- |

| गो.भौ.नं मिति | विवरण | रकम |
|---|---|---|
| २४६-२०७६/३/२७ | हे.अ.तिलक प्रसाद गौतमलाई छलफल कार्यक्रमको सहभागी यातायात खर्च सोधभर्ना भुक्तानी दिएकोमा सोको विलभर्पाई नभएको | १०६५०० |
| २५१-२०७६/३/२८ | स्वास्थ्य चौकीहरुमा औजार उपकरण खरिद र हस्तान्तरण अन्तर्गत वि.पि.सेट १६ थान, स्थेसकोप १६ थान र वेट मेसिन १२ थान खरिद गरि रु ९६७२८। भुक्तानी गरेकोमा उक्त सामान स्वास्थ्य संस्थामा हस्तान्तरण गरेको प्रमाण नभएको | ९६७२८ |
| २७४-२०७६/३/३१ | सि.यम.आइ.यस.पि परियोजनाको अनुगमन खर्चको विल भरपाई वेगर तथा अनुगमन प्रतिवेदन वेगर प्रा.स रविन्द्र प्रसाद पौडेल लाई सोधभर्ना भुक्तानी | १०२००० |
| | जम्मा | ३०५२२८ |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ५७. | **वोयर जातको बोका वितरण:** २८०।२०७६।३।३१ पशु प्रजनन कार्यक्रम अन्तर्गत रु २०००००। को वजेट बाट रु २ ओटा वोयर जातको बोका खरिद गरी कृषकलाई वितरण गरेकोमा कार्यालयले बाख्रा उत्पादन फर्मबाट प्रजनन योग्य वोयर जातको बोका खरिद गरेको विल पेश भएको छ ।यसरी प्रजनन योग्य वोयर जातको बोका खरिद गर्दा तोकिए बमोजिमको जात अनुसारको बोका भए नभएको सम्बन्धमा उक्त क्षेत्रको प्राविधिक वा विज्ञबाट प्रमाणित गरेको पाइएन । साथै बोका वितरण गर्दा कृषकसंग सम्झौता गरी ति कृषकको वितरण भर्पाई संलग्न गरेको देखिएन । साथै बोका वितरणबाट त्यस क्षेत्रमा वाखा उत्पादनमा भएको बृद्धि सम्वन्धमा भएको प्रगती सम्वन्धमा कार्यालयवाट अनुगमन गरी प्रतिवेदन पेश गरको समेत देखिएन । | |
| ५८. | **समूह छनौट:** विभिन्न कृषक समूह र सहकारीलाई साना सिंचाई तथा प्लाष्टिक पोखरी निर्माणको लागि रु १०,८०,०००/- विनियोजन भएकोमा वडा कार्यालयहरुमामात्र सुचना टाँस गरी समूह छनौट भएको छ । धेरै लाभग्राही कृषकले सूचना प्राप्त गर्ने गरी अन्य प्रचार प्रसार गरी सम्भावित सवै लाभग्राहीलाई लाभको समान अवसर मिल्ने गरी छनौट प्रक्रिया व्यवस्थित गर्नु पर्दछ । साना सिंचाई तथा प्लाष्टिक पोखरी निर्माणको लागि कार्यविधि बनाई लागु नगरेकोले अनुदान प्रकृया, अनुदान सिमा तथा अनुदान प्राप्त गर्ने कृषकले पालना गर्नुपर्ने शर्त र सो को पालना स्थितिको अनुगमन प्रकृया सम्वन्धमा स्पष्ट हुन सकेन । अत: कार्यक्रम कार्यान्वयनलाई प्रकृया व्यवस्थित गर्न कार्यविधि बनाई लागु गर्नु पर्दछ । | |
| ५९. | **तालिम सञ्चालन:** भौ.नं. १०७७ मिति २०७६/०१/१२ बाट कृषि सम्बन्धि सहकारी संघ संस्थाहरुसँग उपभोक्ता समिति मार्फत २०७५/१२/१४ र १५ मा गोष्ठि अन्तक्रिया कार्यक्रम गरेको देखियो । कार्यालयको उपलव्ध जनशक्तिले सम्पादन गर्न सक्ने कार्य उपभोक्ता समिति तथा वाह्य पक्षबाट गराउनु उपयुक्त देखिदैन । | |
| ६०. | ग्रामिण कुखुराको चल्ला वितरण कार्यक्रम अन्तर्गत विभिन्न ८ शिर्षकको कुल अनुमान रु ८,४०,०००/- मध्ये ८ वटा कार्यक्रम सञ्चालनको लागि रु २,२०,०००/-पेश्की माग गरि निवेदन दिए अनुसार मिति २०७६/०३/०६ मा पेशिक दिएको देखिन्छ । ८ वटा कार्यक्रमको लागि पेशिक दिए तापनि जम्मा ४ वटा मात्र कार्यक्रम संचालन भएको देखिएकोले लक्ष्य अनुसार कार्यक्रम सञ्चालन गरेको देखिएन । | |
| ६१. | चल्लाको दाना ढुवानी अनुदानको लागि कार्यक्रम स्वीकृत भएकोमा दाना खरिद गरी रु. १५,०००।- खर्च लेखेको देखियो । दाना खरिदमा बजेट स्वीकृत भएको नदेखिएकोले वजेट विपरित खर्च गरेको नियमित देखिएन रु.... | १५०००/- |
| ६२. | **प्रादेशिक सरकारद्धारा हस्तान्तरित कार्यक्रम :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार खरिद विलको भुक्तानी गर्दा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले नागस्वती शहरी स्वास्थ्य केन्द्र स्तरोन्नती र पूर्वाधार विकाश कार्यको लागि उपभोक्ता समितिलाई भौ.नं ३३ मिति २०७६।३।३० बाट विल भुक्तानी गर्दा उपभोक्ता समितिले पेश गरेको रु १३१५०९३। को विभिन्न सामाग्री खरिद गरको विलमा आयकर ऐन २०५८ अनुसार १.५ प्रतिशतले हुने रु १९७२६। अग्रिम कर कट्टा गरी भुक्तानी गर्नु पर्नेमा कर कट्टा गरको नदेखिएकोले उक्त कर रकम | १९,७२६/- |

| कार्यालय: हेटौडा उपमहानगरपालिका, मकवानपुर | | आ.व.२०७५।७६ |
|---|---|---|
| **सि.नं.** | **गो.भौ.नं. र व्यहोरा** | **रकम** |
| | असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्ने रु | |
| ६३. | **पेश्की बांकी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । नगरपालीकाले यो वर्ष भुक्तानी गरेका देहाय वमोजिमको पेश्की रकम आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट नभई वांकी रहेको नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्ने रु | ३,०८,०४,९१८/७० |

| पेश्की मिति | पेश्की लिने | पेश्की विवरण | रकम |
|---|---|---|---|
| **उपमहानगरपालिका चालु** | | | |
| २०७६/३/१२ | शा.अ. श्रीजगन्नाथ सापकोटा | पदाधिकारी वैठक भत्ता | १९७०००.०० |
| २०७६/३/६ | ना.प.से.प्रा श्री गीता तिमल्सिना | चल्ला खरिद | २२००००.०० |
| २०७६/२/२४ | प्रवन्धक श्री भिम प्रसाद तिमल्सिना | न्यायिक समिती संचालन | २०००००.०० |
| २०७६/२/२४ | ना.प.से.प्रा श्री गीता तिमल्सिना | कुखुरा पालन तालिम, कुखुरा खोप, दाना ढुवानी | ६५०००.०० |
| २०७६/१/३ | व. सहायक श्री सुनिता पौडेल | आयआर्जन कार्यक्रम | ६००००.०० |
| २०७५/५/५ | का. सहायक श्री गोमा सिग्देल | पदाधिकारी वैठक भत्ता | २०००००.०० |
| २०७६/२/७ | शा.अ श्री भैरव कुमाल | स्वयम् सेविका परिचालन | २०००००.०० |
| २०७६/३/२ | का. सहायक श्री जितेन्द्र विष्ट | सिपमुलक कार्यक्रम | १०००००.०० |
| २०७६/२/१५ | टोल विकास संस्था नगर समन्वय समिति | विश्व वातावरण दिवस | २५००००.०० |
| २०७५/१२/२८ | खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ नेपाल | खानेपानी सुद्धिकरण लगायत | ३३००००.०० |
| २०७५/१२/२२ | टोल विकास संस्था नगर समन्वय समिति | टोल विकास संस्था गठन, परिचालन | १०००००.०० |
| २०७६/३/२ | १२ नं वडा कार्यालय | सामाजिक सुरक्षा तेश्रो चौमासिक | ५७१६०००.०० |
| २०७६/३/१३ | १९ नं वडा कार्यालय | सामाजिक सुरक्षा तेश्रो चौमासिक | ८०००००.०० |
| २०७५/६/१५ | विष्णुमाया घलान | घर भाडा | ७७०००.०० |
| | | **जम्मा रु.** | **८५१५०००/००** |
| **संघीय सरकारवाट हस्तान्तरित चालु** | | | |
| २०७५/१२/२१ | भवन निर्माण उपभोक्ता समिति (श्री आधुनिक राष्ट्रिय मा.वि) | नमुना विद्यालय | २९९७०००.०० |
| विभिन्न | श्री वाल जागृति युवा वर्ष मा.वि | विद्यालय भवन निर्माण | १४०००००.०० |
| विभिन्न | आधुनिक राष्ट्रिय मा. वि | नमुना विद्यालय | ११८९४८४३.०० |
| २०७६/२/२ | जिवन ज्योति आधारभुत विद्यालय | पानी तथा स्वास्थ्य | ३०००००.०० |
| विभिन्न | कमला आधारभुत विद्यालय | २ कोठे नयां कक्षा कोठा | १२८००००.०० |
| २०७५/११/७ | विजय लामा | युवा प्रतिभा पहिचान | ४००००.०० |
| | | **जम्मा रु.** | **१७९११८४३/००** |
| **संघीय सरकारवाट हस्तान्तरित पूंजिगत** | | | |
| २०७६/२/३१ | ए.के विल्डर्स | समपुरक अनुदान अन्तर्गत संचालित आयोजना | ५८८०४.८० |
| २०७६/३/१३ | तामाङ्ग कन्स्ट्रक्सन | समपुरक अनुदान अन्तर्गत संचालित आयोजना | ४८००००.०० |
| | | **जम्मा रु** | **५३८८०४.८०** |
| **उपमहा नगरपालिका पूंजिगत** | | | |
| २०७६/२/१४ | आर.एन. विल्डर्स | नगर स्तरिय ठुला पूर्वाधार | ४४५०००.०० |
| २०७६/३/१३ | तामाङ्ग कन्स्ट्रक्सन | समपुरक कोष | ७२००००.०० |
| २०७६/२/३१ | ए.के विल्डर्स | समपुरक कोष | ८८२०७.२२ |
| २०७५/११/१५ | सतगुण निर्माण सेवा | सडक मर्मत | ६७६८४०.०० |
| २०७६/१/२३ | खेलकुद तथा सामाजिक विकास मण्डल | आकस्मिक भैपरी पुर्वाधार खर्च | ६४५००.०० |
| २०७५/१२/३ | मनकामना पार्क टोल विकास संस्था | आकस्मिक भैपरी पुर्वाधार खर्च | २०००००.०० |
| २०७६/१/३० | चौकिटोल ढल व्यवस्थापन उ.स | ढल व्यवस्थापन | ३०००००.०० |
| २०७५/१२/२८ | खानेपानी उपभोक्ता तथा सरसफाई समिति | ट्यांकी निर्माण | २६४०००.०० |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| २०७६/२/२३ | पिच तथा ढल निर्माण उ.स | पिच तथा ढल निर्माण | ६९३०००.०० |
| | | **जम्मा रु.** | **३४५१५४७.२२** |
| | **विवधि पेश्की** | | |
| | केशव प्रसाद देवकोटा | नखुलेको | १५२२११.०० |
| | विनोद सुवेदी | नखुलेको | २३५५१२.६८ |
| | | **जम्मा रु.** | **३८७७२३.६८** |
| | | **कुल जम्मा** | **३०८०४९१८/७०** |

| | | |
|---|---|---|
| | **ब.उ.शि.नं ३६५०१५३ (सामाजिक सुरक्षा कार्यक्रमतर्फ)** | |
| ६४. | **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । यस वर्ष उपमहानगरपालिकाले रु. १८६,१०८,२००/- सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :- | |
| ६४.१. | **कार्यविधिको पालना:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार तोकिएको मिति भित्र सामाजिक सुरक्षा भत्ता वितरण नगरेको, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण नगरी सामाजिक सुरक्षा भत्ता वितरण गरेको, नगरिकता नम्बर उल्लेख नगरी सामजिक सुरक्षा भत्ता वितरण गरेको, सुचनाप्रणालीमा अभिलेख अद्यावधिक नगरी हातले नामावली थप गरी सामाजिक सुरक्षा रकम वितरण गरेको सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको बुँदा नं २८ बमोजिम कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण नगरेको र बुँदा नं ३५ बमोजिम प्रत्येक चौमासिकमा एकपटक सार्वजनिक सुनुवाई नगरेको स्थिति देखिएको छ । कार्यविधिको पूर्ण पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्दछ । | |
| ६४.२. | **बैकिङ सेवाको प्रयोग:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको बुँदा नं २२ बमोजिम मन्त्रालयको स्वीकृति बिना हातहातै नगद वितरण गर्न नपाइने व्यवस्था रहेको छ । स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ४३ अनुसार सामाजिक सुरक्षा भत्ता वापतको रकम बैंकबाट वितरण गर्ने व्यवस्था मिलाईने र यस प्रयोजनको लागी अर्थ मन्त्रालयको सहमतिमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले कुनै स्थानीय तहको लागी कुनै एक वा अलग अलग बैंकलाई यस सम्वन्धी कार्यको जिम्मेवारी प्रदान गर्न सक्ने व्यवस्था छ । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, ***२०७५* को परिच्छेद ७ वमोजिम बैंकिङ सुविधा भएमा बैंक मार्फत भत्ता वितरण गरिनुपर्ने व्यवस्था छ ।** २०७६ आषाढ मसान्तसम्म उपमहानगरपालिका उ.म.न.पा.ले १९ वडा मध्ये १४,१५,१६,१७ र १८ को सामाजिक सुरक्षा भत्ता मन्त्रालयको स्वीकृति बेगर वडालाई पेश्कि दिई सेवाग्राहीलाई नगदै वितरण गरेको छ । साथै वडा नं १६, १७ र १८ मा वडा सचिवको नाममा पेश्कि दिई सेवाग्राहीलाई नगद वितरण गरेको पाइयो । बैंक मार्फत भत्ता वितरण गरेएको देखिएन । कार्यविधि अनुसार बैकमा खाता खोल्न लगाई लााभग्राहीको खातामा बैक मार्फतनै रकम भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ । | |
| ६४.३. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको बुँदा नं १६ बमोजिम स्थानिय निकायले सम्बन्धित वडा कार्यलय मार्फत प्रथम चौमासिकको भत्ता असोजको दोश्रो हप्तासम्म, दोश्रो चौमासिकको माघको दोश्रो हप्तासम्म र तेश्रो चौमासिकको जेठको दोश्रो हप्तासम्म वितरण गरिसक्नुपर्ने उल्लेख छ । उपमहानगरपालिकाले प्रथम चौमासिकको असोजको दोश्रो हप्तामा नै वितरण गरेपनि दोश्रो चौमासिकको माघको चौथो हप्ता र तेश्रो चौमासिकको अषाढको पहिलो हप्तामा मात्र वितरण गरेको देखिएकोले कार्यविधि अनुरुप समयमा नै भत्ता वितरण गर्नुपर्ने देखिन्छ । | |
| ६५. | **नागरिकता नम्बर उल्लेख नगरी भुक्तानी:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को दफा १९ वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था छ । तपसिलको व्यक्तिलाई नागरिकता नम्वर उल्लेख नगरी सामाजिक सुरक्षा भत्ता भुक्तानी गरिएको छ । एउटै नाम गरेको व्यक्ति एक भन्दा बढी हुने भएकोले वास्तविक व्यक्ति पहिचान गर्ने आधार नागरिकता रहेको छ । यसरी नागरिकता नम्वरनै उल्लेख नगरी भत्ता वितरण गर्दा दोहोरो भत्ता भुक्तानी हुनसक्ने देखिन्छ । नमुना छनौट गरी परीक्षण गरिएका तपसिलका वडाहरुमा लाभग्राहीहरुको नागरिकता नम्वर उल्लेख नगरी १७३१ जनालाई भत्ता वितरण गरेको देखिएकोले एकै नाम भएका व्यक्तिलाई वितरण गरेको रकम दोहोरो भए नभएको यकिन गर्न सक्ने स्थिति छैन । अत: उपमहानगरपालिकाले छानविन गरी | |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| | दोहोरो भुक्तानी नभएको यकिन गरी कार्यविधिमा तोकिए अनुसार केन्द्रिकृत सुचना प्रणालीमा नागरिकता नम्वर प्रविष्टी गरि अधावधिक गर्नु पर्दछ । | |

| लाभग्राहीको नाम | लाभग्राहीको किसिम | वडा नं | रकम |
|---|---|---|---|
| बलराम वानिया | जेष्ठ नागरिक भत्ता (अन्य) | ५ | २४००० |
| बिशाल थापा | पूर्ण अपाङ्गता | ५ | २४००० |
| लाल बहादुर सुनार | पूर्ण अपाङ्गता | ५ | २४००० |
| शंज्ञा श्रेष्ठ | पूर्ण अपाङ्गता | ५ | २४००० |
| सम्राट पुडासैनी | पूर्ण अपाङ्गता | ५ | २४००० |
| अस्मिता राई | अति अशक्त अपाङ्गता भत्ता | ५ | ७२०० |
| सुगर्ब अधिकारी | पूर्ण अपाङ्गता | ६ | २४००० |
| तुल कुमारी लुइटेल | जेष्ठ नागरिक भत्ता (अन्य) | ७ | २४००० |
| मह माई गौतम | जेष्ठ नागरिक भत्ता (अन्य) | ७ | २४००० |
| सोमु माया तितुङ | जेष्ठ नागरिक भत्ता (अन्य) | ७ | २४००० |
| उमा अर्याल | अति अशक्त अपाङ्गता भत्ता | ७ | ७२०० |
| काइली माया स्याङतान | विधवा भत्ता | ८ | १२००० |
| खेम कुमारि देउजा | विधवा भत्ता | ८ | १२००० |
| मिना कुमारी राई | विधवा भत्ता | ८ | १२००० |
| अमर सीह बीशेन | जेष्ठ नागरिक भत्ता (अन्य) | ९ | २४००० |
| अम्बीका अयार्ल | जेष्ठ नागरिक भत्ता (अन्य) | ९ | २४००० |
| उषा कीरण प्रधान | जेष्ठ नागरिक भत्ता (अन्य) | ९ | २४००० |
| गुण नाथ अधीकारी | जेष्ठ नागरिक भत्ता (अन्य) | ९ | २४००० |
| घट कुमारी रोक्का | जेष्ठ नागरिक भत्ता (अन्य) | ९ | ८००० |
| छत्र कुमारि काकी | जेष्ठ नागरिक भत्ता (अन्य) | ९ | २४००० |
| | **जम्मा** | | **३९४४००** |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ६६. | **लगत कट्टा पछिको भुक्तानी :** मृत्यू वसाईसराई जस्ता कारणले लगत कट्टा भईसके पछि सामाजिक सुरक्षा वापतको रकम वितरण गर्ने मिल्ने देखिदैन । लाभग्राहीहरूको अभिलेखमा लगत कट्टा भइसके पनि भुक्तानी भएकोले पेश्की लिने पदाधिकारीवाट असुल गर्नुपर्ने रु | २,६८,६०० |

| सि.नं. | लाभग्राहीको नाम | लाभग्राहीको किसिम | वडा नं | लगत कट्टा मिति | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | टिका कुमारी ओभ्फा | जेष्ठ नागरिक | ५ | २०७५/०५/११ | २०,००० | |
| २ | अस्मिता राई | अति अशक्त अपाङ्गता | ५ | २०७५/०४/३१ | ६,६०० | |
| ३ | भव नाथ चौलागाई | जेष्ठ नागरिक | ६ | २०७५/०५/०७ | २०,००० | |
| ४ | विर्ता सि. गुरुङ्ग | जेष्ठ नागरिक | ६ | २०७६/०१/२८ | ४,००० | |
| ५ | सानु कान्छी सुर्खेती | जेष्ठ नागरिक | ६ | २०७५/०५/११ | २०,००० | |
| ६ | जनक बहादुर मगर | जेष्ठ नागरिक | ९ | २०७५/०४/३१ | २२,००० | |
| ७ | मकर ध्वज तामाङ्ग | जेष्ठ नागरिक | ९ | २०७५/०४/३१ | २२,००० | |
| ८ | दण्डपानी पौडेल | जेष्ठ नागरिक | १७ | २०७५/१२/१० मृत्यु दर्ता मिति | ८,००० | २०७५/११/८ मा मृत्यु भएका भएको तर यो आ.व.को तेस्रो किस्ता सम्म ल्याप्चे लगाएर नगद बुझेको । |
| ९ | कृष्ण कुमारी अर्याल | जेष्ठ नागरिक | १७ | २०७५/११/०१ मृत्यु दर्ता मिति | २४,००० | २०७५/०३/२० मा मृत्यु भएका भएको तर यो आ.व.को तेस्रो किस्ता सम्म ल्याप्चे लगाएर नगद बुझेको । |
| १० | तर कुमारी कुँवर | जेष्ठ नागरिक | १७ | २०७५/०९/२४ मृत्यु दर्ता मिति | १४,००० | २०७५/०८/०९ मा मृत्यु भएका भएको र तेस्रो किस्ता सम्म ल्याप्चे लगाएर नगद बुझेको । |
| ११ | भक्त कुमारी श्रेष्ठ | जेष्ठ नागरिक | १७ | २०७५/०७/१२ मृत्यु दर्ता मिति | १०,००० | २०७५/०६/२० मा मृत्यु भएका भएको र दोस्रो किस्ता सम्म ल्याप्चे लगाएर नगद बुझेको । |
| १२ | उद्धव प्रसाद गौतम | जेष्ठ नागरिक | १७ | २०७५/०७/१२ मृत्यु दर्ता मिति | २,००० | २०७५/०६/२० मा मृत्यु भएका भएको तर कात्तिक सम्मको भत्ता बुझेको । |
| १३ | कृष्ण कुमारी राई | जेष्ठ नागरिक | १७ | २०७५/०४/२३ मृत्यु दर्ता मिति | २४,००० | २०७५/०३/१७ मा मृत्यु भएका भएको तर यो आ.व.को तेस्रो किस्ता सम्म ल्याप्चे लगाएर नगद बुझेको । |
| १४ | दुर्गा कुमारी बानिया | जेष्ठ नागरिक | १८ | २०७६/०२/०५ | १६,००० | २०७५/०३/१९ मा मृत्यु भएका भएको तर |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | मृत्यु दर्ता मिति | | यो आ.व.को दोस्रो किस्ता सम्म ल्याप्चे लगाएर नगद बुझेको । |
| १५ | लाल कुमारी घर्ती | जेष्ठ नागरिक | १८ | २०७६/१०/२९ मृत्यु दर्ता मिति | २,००० | २०७५/१०/०८ मा मृत्यु भएका भएको तर फागुन महिना सम्मकै ल्याप्चे लगाएर नगद बुझेको । |
| १६ | हरि माया शर्मा | बिधवा भत्ता | १० | २०७५/०८/१८ | ७,००० | |
| १७ | राधा कुमारी न्यौपाने | बिधवा भत्ता | ११ | २०७५/११/०२ | ४,००० | |
| १८ | शान्ता देवी सापकोटा | बिधवा भत्ता | १ | २०७५/१२/२७ | ३,००० | |
| १९ | लक्ष्मी देवी पोखरेल | जेष्ठ नागरिक | ४ | २०७५/०५/२१ | २०,००० | |
| २० | विष्णु प्रसाद उपाध्याय | जेष्ठ नागरिक | ४ | २०७५/०५/२१ | २०,००० | |
| | **जम्मा** | | | | **२,६८,६००** | |

६७. **प्रधानमन्त्री रोजगार कार्यक्रम :** कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार स्थानीय तहमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले यस नगरपालिका भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत उपमहानगरपालिका भित्रका ७ वटा वडाहरुमा पार्क बगैंचा निर्माण, वृक्षारोपण, तटवन्धन निर्माण, सडक डिभाईडर पेन्टिङ, कार्यालय उपकरण तथा सामग्री खरिद लगायतका ५ वटा कार्यक्रम संचालन गरी २३३ जना लक्षित वर्गलाई १ देखि १८ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला वापत रु १२,९३,८०४/- र निर्माण सामाग्री रु.७४,७५०/- कार्यालय उपकरण रु.२,४१,२५५।- र अन्य रु.१,६१,४१५।- समेत जम्मा रु.१७,७१,२२४।- खर्च लेखेको छ । उक्त खर्चवाट लक्षितवर्गको लागि अल्पकालिन रोजगारी सृजना भएतापनि सम्पन्न कामको दिगोपना तथा दीर्घकालिन रोजगारी सृर्जना भएको देखिंदैन । त्यसैले दीर्घकालिन रोजगारी सृजना हुने तथा दिगो आयोजना संचालन गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ ।

६८. **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले उपमहानगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । उपमहानगरपालिकाले आर्थिक वर्ष २०७५।७६ मा केन्द्रीय अनुदानसमेतबाट गरेको जम्मा खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| जम्मा खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १,४४,६५,८४,२५१ | २४६,९५१,०३० | १७.०७ प्रतिशत |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा भएको कुल खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १७.०७ प्रतिशत मात्र रहेको छ । त्यसैले उपमहानगरपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै प्रशासनिक खर्च व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

६९. **आन्तरिक श्रोतको संकलनः** उप महानगरपालिकाले विगत ३ बर्षमा प्राप्त गरेको आन्तरिक श्रोत संकलनको अवस्था निम्न अनुसार रहेको देखियो :

रु. हजारमा

| क्र.सं. | विवरण | २०७३।७४ | | २०७४।७५ | | २०७५।७६ | |
|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली |
| १. | एकीकृत सम्पत्ति कर | २७५०० | ३०१५० | ३१००० | ३५८४९ | ४०००० | ४१६०९ |
| २. | वहाल कर | २२०० | २४७० | ३००० | ४०७३ | १५००० | १७५६२ |
| ३. | नक्सापास दस्तुर | ११००० | १४२२२ | ० | ३९०८० | २०००० | २०३६२ |
| ४. | व्यवसाय कर | ७००० | ४८५० | ९००० | ७८८९ | १५००० | १७०४८ |
| ५. | विज्ञापन कर | ३०० | १००९ | ३००० | ७४२ | २२०० | २४२१ |
| ६. | सिफारिश दस्तुर | १०५०० | १२९७५ | १४००० | १८८६२ | १६००० | २०४७८ |
| ७. | सवारी साधन तथा पूर्वधार मर्मत शुल्क | २१०१६ | २०४८२ | २४१५० | २१७६० | ४०००० | ३८७४९ |
| ८. | भाडा वहाल | ० | १८३५६ | ० | १८८६२ | ४०००० | २३६८० |
| ९. | नदीजन्य पदार्थ विक्री उत्खनन् | ० | ० | ० | ० | ० | १११७८६ |
| १०. | सिमेन्टजन्य निकासी | ० | ० | ० | ० | ० | २७२६९ |
| ११. | अन्य विविध | ३७०२२ | ५१६५३ | ८५९२० | ३९०३७ | १०३२८२ | १९७५२ |
| | जम्मा | ११६५३८ | १५६१६७ | १७००७० | १८६१५४ | २९१४८२ | ३४०७१६ |

७०. **सम्पत्ति कर तथा व्यवसाय कर**: उपमहानगरपालिकाले आ.व.२०७५/७६ मा रु.३,५०,००,०००/- सम्पत्ति कर उठाउने प्रक्षेपण गरेकोमा रु ४,१६,०९,१२३/- आम्दानी गरेको छ । सम्पत्ति कर दाखिला १,७९,४८,४५५/-

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| | गर्ने निम्न करदाताबाट सम्पत्ति कर दाखिला नभएको हुँदा आवश्यक कारवाही गरि असुल गर्नुपर्ने रु. | |

| सि.नं. | करदाता | सम्पत्ति कर | जम्मा | बक्यौता मिति |
|---|---|---|---|---|
| १ | नेपाल विद्युत प्राधिकरण, डिजेल केन्द्र | ४७,६०,४६० | ४७,६०,४६० | आ.व. २०५७/५८ देखि |
| २ | नेपाल विद्युत प्राधिकरण, प्रसारण ग्रिड मध्य महाशाखा | ६५,७३,९५६ | ६५,७३,९५६ | |
| ३ | नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा | ५८,२०,७४१ | ५८,२०,७४१ | |
| ४ | दुर्गा कोल्ड स्टोरेज | २३,८०० | २३,८०० | आ.व. २०७५/७६ |
| ५ | सोलिड्यारीटि इन्टरनेश्नल एकडेमी | ३,३०,७६४ | ३,३०,७६४ | |
| ६ | निम टोलमा/राम बहादुर थिङ्ग | ४,३८,७३४ | ४,३८,७३४ | |
| | जम्मा | १७९४८४५५ | १,७९,४८,४५५ | |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ७१. | **व्यवसाय करः** व्यवसाय करबाट रु ९०,००,०००/- आम्दानीको प्रक्षेपण गरिएकोमा रु १,७०,४८,२१५/- आम्दानी भएको छ । हालको व्यवसाय करको दर बढिमा रु १५,०००/- घटिमा रु.७००/- सम्म भएकोले ठूला उद्योग जस्तै शिवम् सिमेन्ट, नेपाल लिभरले पनि जम्मा रु १५,००० व्यवसाय कर तिरी रहेको हुँदा उद्योगको श्रेणी अनुसार समय सापक्ष कर निर्धारण गर्ने नीतिगत व्यवस्था गर्नुपर्दछ । | |
| ७२. | **कर दाखिला नभएको**ः नेपाल लिभर लि.ले २०७५/७६ मा सो अनुसारको व्यवसाय कर रु.३६,५००।- कर दाखिला गरेको नदेखिदा शुल्क समेत हिसाब गरी असूल गर्नुपर्ने रु.. | ३६,५००/- |
| ७३. | **सम्पत्तिकर**ः सम्पत्ति कर निर्धारण गर्दा जग्गाको चलन चल्तिको मूल्यलाई आधारमानी निर्धारण गर्ने नीति तय गर्नुपर्नेमा उ.म.न.पा.ले मालपोतको दररेटलाई लिई जग्गाको मूल्याङकन गर्ने गरेको छ । उपमहानगरपालिकाले आफ्नै दररेट निर्धारण गर्नुपर्ने देखिन्छ । आर्थिक ऐन २०७५ मा व्यवसाय करका दररेट निर्धारण गर्दा विभिन्न व्यवसायहरु 'क' 'ख' भनि वर्गिकरण गरि दररेट निर्धारण गरिएको भए तापनि वर्गिकरणको मापदण्ड तयार गरेको छैन । मापदण्ड तयार गरि लागू गर्नुपर्दछ । | |
| ७४. | **घरबहाल करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ५७ वमोजिम नगरपालिकाले घर जग्गा बहाल कर संकलन गर्ने व्यवस्था छ । सो व्यवस्था अन्तर्गत यस आ.व. मा रु १,७५,६२,३९८/- बहाल कर असुल भएको देखिन्छ । घरवहाल कर सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्न छनः | |
| ७४.१. | उठनुपर्ने बहाल कर एकिन गरि सो कर असुल गर्नुपर्नेमा एकिन नगरेको कारण स्वघोषणा गरी तिरेको रकम मात्र असुल गर्ने गरेको छ । आ. व.२०७५/०७६ को बहाल कर असुल गर्दा विगत आ. व. को साँवा र ब्याज समेत हिसाब गरेर असुल गर्नुपर्नेमा असुल गरेको पाइएन । उठन बाँकि ब्याज सहितको बहाल करको विवरण अध्यावधिक गरि विगतको बहाल कर पहिले असुल गर्नु पर्दछ । साथै स्थान अनुसार न्यूनतम घर बहाल दर तोक्नु पर्दछ । | |
| ७४.२. | बैदेशिक अध्यन तथा रोजगार प्रयोजनका लागि वार्षिक आम्दानी प्रमाणित गर्दा १० % घर बहाल कर लिनुपर्नेमा २% सिफारिस शुल्क मात्र लिने गरेको पाइयो । करदाता स्वंयमले घर बहाल आम्दानी देखाउँदा घर बहाल कर लिई आम्दानीको श्रोत बढाउनु पर्दछ । | |
| ७५. | **सार्वजनिक शौचालय प्रयोग शुल्कः** सार्वजनिक शौचालय प्रयोग शुल्कको लागि ए.एल.जे. निर्माण सेवालाई मिति २०७५/०५/१९ मा सम्झौता गरि रु २५,५१,००० मा ठेक्का दिएको । सम्झौता बखत रु ५,३०,०००/- बुझाउनुपर्नेमा बोलपत्रको धरौटि रकम सोहि किस्तामा मिलान गर्न ठेकेदारबाट पत्राचार भएको तर सो धरौटि रकम आम्दानी नमानि धरौटिमै देखाइएकोले सो रकम आम्दानीमा बाँध्नु पर्ने रु | १,३५,०००/- |
| ७६. | **नदिजन्य पदार्थको आय ठेक्काः** नदिजन्य पदार्थको आयका लागि रु ९,२०,००,०००/- को प्रक्षेपण गरि बोलपत्र आह्वान गरिएकोमा मोतिदान कन्सट्रक्शन प्रा.लि. द्वारा रु ९,३१,००,०००/- मा कबुल गरि मिति २०७५/०९/२३ मा सम्झौता भएकोछ । सो रकममध्ये आ.व.२०७५।७६ मा रु.४,७२,४०,०००।- प्राप्त भई रु.५,७९,६३,०००।- बाँकी रहेकोमा २०७६।८।१९ मा दाखिला गरेको देखिन्छ ।उक्त सम्झौता सम्वन्धमा निम्न व्यहोरा देखियोः | |
| ७६.१. | ठेक्का अवधिमा उत्खनन तथा घाट गद्दीको अनुगमन गरी के कति मात्रामा नदी जन्य पदार्थ उत्खनन् र निकासी भएको हो सोको परिमाणात्मक विवरण राखेको छैन । जसलेगर्दा निकासी भएका सामाग्रीको उत्खनन IEE Report ले निर्धारण र स्वीकृत परिमाणमा भए नभएको एकिन हुन सकेन । परिमाण नियन्त्रण गर्न उचीत उपाय अपनाई नदी जन्य पदार्थको अत्यधिक दोहन नियन्त्रणका साथै उत्खनन् तथा विक्री परिमाण अनुसारको राजस्व संकलन हुने व्यवस्था मिलाउनु पर्दछ । सम्झौता र | |

| कार्यालयः हेटौडा उपमहानगरपालिका, मकवानपुर | | आ.व.२०७५।७६ |
|---|---|---|
| **सि.नं.** | **गो.भौ.नं. र व्यहोरा** | **रकम** |
| | IEE प्रतिवेदन अनुसार कुल १,००,६३१.७५ घ.मि. र दैनिक ७५० घ.मि. उत्खनन गरि विक्रि गर्न पाउने भनिएको मा अनुगमन प्रतिवेदनबाट कुल ६५ दिन मा १,२१,२७९.४८ घ.मि. उत्खनन गरेको देखिदा दैनिक १,८६५.८४ घ.मि. उत्खनन गरिएकोले उत्खननकर्ताले सम्झौताको पालना गरेको छैन । सम्झौता र IEE प्रतिवेदन अनुसार उत्खनन नगरि नदीजन्य पदार्थ संकलन गर्दा वातावरणमा प्रतिकुल असर पर्ने भएकोले आधिकारिक व्यक्तिलाई जिम्मेवार बनाएको देखिएन । | |
| ७६.२. | सम्झौता र IEE प्रतिवेदनमा उल्लेख गरिएको भन्दा २०,६४८.२३ घ.मि. बढि उत्खनन गरिएकोले जिल्ला समन्यव समितिद्वारा जरिवाना लगाएको र सोको विरुद्ध ठेकेदारले मुद्दा दायर गरेको र हाल उच्च अदालत पाटन, हेटौंडामा विचाराधिन रहेको देखियो । | |
| ७६.३. | मिति२०७६/०८/०१ सम्ममा रु.१०,८१,२०,७९२/-प्राप्त भएको र रु २९,१७,७९२/- हर्जना प्रशासनिक दण्ड जरिवाना शिर्षकमा आम्दानी बाँध्नुपर्नेमा रु.५,३१,८१९/- मात्र प्रशासनिक दण्ड जरिवाना शीर्षकमा आम्दानी बाँधी बाँकि रकम नदिजन्य पदार्थको बिक्रिमै आय मानेको देखियो । नदीजन्य पदार्थ विक्री रकम विभाज्य कोषमा दाखिला गर्नुपर्ने भएकोले उपमहानगरपालिकाको सम्वन्धित आय शीर्षकमा आम्दानी जनाउनु पर्दछ । | |
| ७७. | **कवाडी करः** कवाडी कर संकलनको अनुमानको लागि कार्यदल गठन गरि आ.व. २०७५/७६ मा रु.३०,००,०००/- संकलन हुने अनुमान गरिएको र बोलपत्र निकाल्दा मूल्य अभिबृद्धि कर बाहेक निकाल्नु पर्नेमा मू.अ.कर. समेत भनि निकालिएको र साहारा कन्सट्रक्सनले रु ३०,२५,०००/- मू.अ.कर. समेतमा कबुल गरेको देखियो । यो आ.व.मा रु.१८,०५,०००।- मात्र कर प्राप्त भई गरी रु.१२,०५,०००।- बक्यौता रहेकोमा आ.व. २०७६।७७ मा रु.१२,००,०००।- असुल भएको छ । उपमहानगरबाट प्राप्त विवरण अनुसार समयमा रकम नवुझाए वापतको जरिवाना समेत २०७६ पौष ६ गतेसम्म रु. ६५,४२१।९२ हालसम्म पनि उठ्न बाँकि देखिएको छ । सम्झौतामा ढिला रकम बुझाए बापत हुने कारवाही बारे केहि उल्लेख नभएको र धरौटि बापत नेपाल बङ्गलादेश बैंकको बैंक प्रत्याभूति मिति २०७६/०९/११ सम्म म्याद भएपनि असुलउपरको लागि बैंकलाई पत्राचार नभएकोले सम्बन्धित व्यक्तिलाई जिम्मेवार वनाई असुलउपर गर्नुपर्ने रु | ६५,४२२/- |
| ७८. | **दहत्तर बहत्तर शुल्क** : उपमहानगरपालिकाले सिमेण्टको विक्रीकर उठाउन लागत अनुमान तयार गर्दा २०७५/०४/०१ देखि २०७५/०७/२७ सम्म १२० दिनको सिमेन्ट बिक्रि कर रु ६४,२०,८०८/- लाई आधार लिएको छ । सो अवधिमा संकलन भएको औसत रकम प्रतिदिन रु ५३,५७६/- भएकोले त्यहि आधारमा ६ महिनाको रु ९६,४३,६८०/- प्रक्षेपण गरि सोही अँकलाई न्यूनतम कवोल अँक कायम गरी ठेक्का प्रतिस्पर्धा गराएकोमा पाल्म कन्सट्रक्शनको रु १,२४,५०,०००/-(मु.अ.कर बाहेक) बोल अँक भएको बोलपत्र स्वीकृत गरी सम्झौता भएको छ । श्रावण र भाद्रमा निर्माण कार्य कम हुने र सिमेन्टको बिक्रि पनि नहुने र त्यस महिनाको बिक्रिको आधारमा प्रक्षेपण गर्दा निकायको आयमा कमि हुने भएकोले आय प्रक्षेपण गर्दा आधार समय उपयुक्त हुनु पर्दछ । | |
| ७९. | **मर्मत संभार शुल्क (ठेक्का नं १।२०७५/७६):** हेटौंडा १० वाईपास सडक खण्डमा आवात जावत गर्ने सवारी साधानहरुबाट मर्मत संभार शुल्क संकलन गर्नका लागि अनुमानित आय (लागत अनुमान) तयार नगरि गत वर्षको ठेक्का रकमलाई न्यूनतम अंक मानि बोलपत्र प्रकाशित गरेकोछ । न्यूनतम कबोल अंक रु २,५६,०९,९००/-(मु.अ.कर बाहेक) कायम गरी बोलपत्र प्रकाशन गरेकोमा प्रतिस्पर्धावाट छनौट भएको बोलपत्र दाता नाइस नेपाल कन्सट्क्शनको रु ३,११,११,१११/-(मु.अ.कर बाहेक) वोलपत्र वढी कवोल गर्ने सारभूत प्रभावग्राही बोलपत्र ठहर गरी उक्त सेवा प्रदायकसँग सम्झौता भएको थियो । सो सम्झौता सम्वन्धमा निम्न व्यहोरा देखियो : | |
| ७९.१. | ट्राफिक कार्यालय र अरु सम्बन्धित निकायसँग समन्वय गरि आय प्रक्षेपण गर्दा आम्दानीमा वृद्धि हुन सक्ने कुरालाई समेत मध्यनजर गरि अनुमानित आय तयार गरि बोलपत्र प्रकाशित गर्नुपर्नेमा तदअनुसार गरेको देखिएन ।न्यूनतम कबोल अंक रु २,५६,०९,९००/-(मु.अ.कर बाहेक) मा प्रकाशित गरिएको र नाइस नेपाल कन्सट्रक्शन द्वारा रु ३,११,११,१११/-(मु.अ.कर बाहेक) मा कबुल गरेको छ । सम्झौता बखत रु ६२,२३,०००/- बुझाउनुपर्नेमा बोलपत्रको धरौटि रकम सोहि किस्तामा मिलान गर्न सम्झौतामै उल्लेख भएको तर सो धरौटि रकम आम्दानी नमानि धरौटिमै देखाइएकोले सो रकम आम्दानी बाँध्नु पर्ने रु | १६,५०,०००/- |
| ७९.२. | मु.अ.कर बापतको रकम दाखिला गरेको नदेखिदा शुल्क सहित हिसाव गरी असुलउपर गर्नुपर्ने रु...... | ३२,३५,५८१/- |
| ८०. | **पटके सवारी करः** चुच्चेखोला चुनडाँडा ठिंगन सडक र हटिया राईगाँउ सडक खण्डमा पटके कर संकलन गर्न गणेश कन्सट्रक्शनसँग सम्झौता भएको थियो । उक्त सम्झौता सम्वन्धमा निम्न व्यहोरा दखियो : | |

| कार्यालयः हेटौडा उपमहानगरपालिका, मकवानपुर | | आ.व.२०७५।७६ |
|---|---|---|
| **सि.नं.** | **गो.भौ.नं. र व्यहोरा** | **रकम** |
| ८०.१. | पटके सवारी कर उठाउन ठेक्काको लागि बोलपत्रको सूचना प्रकाशित गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को दफा ४८ बमोजिम बीस लाख देखि दुई करोड सम्मको प्रकाशित गर्दा कागजातको दस्तुर रु ३,०००/- लिनुपर्नेमा रु १,०००/- मात्र लिएकोले यसमा सुधार हुनुपर्दछ । | |
| ८०.२. | पटके सवारी कर तत्काल खारेज गर्नुभनि संघिय मामला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५/१०/१५ प.स.०७५/०७६ च.नं. ४६ को पत्रबाट सबै स्थानीय तहमा परिपत्र जारि भएपनि हेटौडा उपमहानगरपालिकाले पटके सवारी कर मिति २०७५/१२/१४ सम्म उठाएको देखियो । | |
| ८०.३. | सो परिपत्र पश्चात पनि पटके सवारी कर उठाइएकोहुँदा अधिवक्ता इश्वरराज ढकालले उच्च अदालत पाटन, हेटौंडामा निवेदन दिएको र मिति २०७५/१२/०४ मा पटके सवारी कर नलिन अन्तरिम आदेश जारि भएको । अन्तरिम आदेश पश्चात पनि सवारी कर उठाइएकोले जिल्ला प्रशासन कार्यालयको मिति २०७५/१२/१३ को पत्र पछि मिति २०७५/१२/१४ मा मात्र ठेकेदारलाइ पत्राचार गरि पटके सवारी कर उठाउन रोक लगाएको देखियो । केन्द्र र प्रदेश सरकारसंग समन्वय कर सम्वन्धी नीति तय गरी कानून वनाउनु पर्दछ । | |
| ८०.४. | बुझाउनुपर्ने किस्ता रकम समयमा नबुझाए लाग्ने ब्याज र हर्जानाको बारे सम्झौतामा नखुलेको हुँदा सम्झौता गर्दा सो कुरा उल्लेख गर्नुपर्दछ । | |
| ८०.५. | आ.व. २०७४/७५ मा पटके सवारी कर उठाउन पृथ्वी तारा एन. के. इन्टरनेश्नल जे.भि.सँग मिति २०७५/०७/०४ सम्मको लागि सम्झौता भएको थियो । आ.व. २०७५/७६ मा संकलन भएको रकम रु १,११,७५,३१९ /- बापतको १३ प्रतिशत मु.अ.कर दाखिला गरेको नदेखिएकोले असुल गर्नु पर्ने रु........... | १४,५२,७९१।- |
| ८१. | **विज्ञापन करः** विज्ञापन कर बापतको रकम उठाउन मिति २०७५/०३/०६ मा न्यूनतम रकम रु ३०,००,०००/-(मु.अ.कर समेत) र दोसो पटक २०७५/०४/१२ मा बोलपत्र प्रकाशित भएको र कुनै बोलपत्रदाताबाट पनि बोलपत्र पेश नभएकोले तेस्रो पटक २०७५/०५/०१ मा न्यूनतम रकम रु २०,००,०००/-(मु.अ.कर समेत) राखि सुचना प्रकाशित गरेको छ । तेस्रो पटक भद्रकाली ल इनफोर्समेन्ट एजेन्सी प्रा.लि. ले रु २५,०१,०००/-(मु.अ.कर समेत) बोलपत्र पेश गरेको तर सम्झौता गर्न पत्राचार गर्दा ५% धरौटि बापतको रकम जम्मा गर्दा रु ५०/- कम जम्मा गरेको भनि सम्झौता गर्न नआएकोले धरौटि रकम जफत गरि आवश्यक कारबाही गर्न मिति २०७५/०६/०८ मा प्रमुख प्रशासकीय अधिकृतबाट तोक आदेश भएतापनि आवश्यक कारबाही गरेको पाइएन । मुल्याङ्कन समितिको बैठकमा रु ५०/- धरौटि कम जम्मा भएको बारे केहि उल्लेख भएको पाइएन । सम्झौता नभएको उक्त ठेक्का पुनः वार्ताबाट आकृति एडर्भटाइजिङ्गलाई रु २२,००,०००/-(मु.अ.कर समेत) दिएको देखियो । सम्झौता गर्न नआउने ठेकेदारलाई आवश्यक काराबाही गरी धरौटी रकम असूल गर्नुपर्ने रु. | १,१०,६६३/७१ |
| ८२. | **सरसफाई शुल्कः** स्वीकृत दररेट बमोजिम घर धुरिबाट रकम संकलन गर्ने र सो रकम ठेकेदार कम्पनीले नै लिने गरि ग्रीन एण्ड क्लीन सिटि सर्भिस प्रा.लि. लाई ठेक्का प्रदान गरिएको देखियो । सम्झौतामा पुनप्रयोग वा पुनचक्रणयोग्य सामाग्री बिक्रि वा उद्यम व्यवसाय गर्न ठेकेदार कम्पनीलाई नै दिइएको छ । हे.उ.म.न.पा. ले पुनप्रयोग वा पुनचक्रणयोग्य सामाग्रीको बिक्रिबाट हुन सक्ने सम्भावित आयको प्रक्षेपण गरि आय बढाउन पहल गर्नुपर्दछ । | |
| ८३. | **नक्शा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४२ बमोजिम नक्सा पास नगरी भवन निर्माण भएको हकमा सो ऐन पास भएपछि एक पटकको लागि ३५ दिनको म्याद दिई नक्सा पास गर्न सुचना दिई तेब्बर शुल्क लिने प्रावधान रहेको छ । शिवम् सिमेन्ट लि. ले कुल ७१-६-८.५ जग्गामा बनेको २४,९१४.५४ sq.ft. मा बनेको घर साविकको हटिया गा.वि.स. हुँदा नक्सा पास नगरि निर्माण भएको र हे.उ.म.न.पा. ले ताकेता गर्दा समेत नक्सा पास गर्न नआएकोले आवश्यक कारबाही गरी नक्सा पास गराउन व्यवस्था गर्नु पर्दछ । | |
| ८४. | **नगद मौज्दातको वीमाः** हेटौंडा उपमहानगरपालिकाको औसत दैनिक नगद मौज्दात रु १५,००,०००/- हुने भएकोले जोखिम न्यूनिकरणका लागि विमा गर्नुपर्ने देखिन्छ । | |
| ८५. | **नगदी रसिद :** निकायले १० वटा वडामा सफ्टवेयरबाट रसिद काट्ने गरेको र बाँकि ९ वटा वडामा हाते नगदि रसिद काट्ने गरेको पाइयो । नगदि रसिद वडालाई वितरण गर्दा र वडा बाट फिर्ता आउँदा रसिद नियन्त्रण खाता बनाउने गरेको पाइयो तर वडाबाट लगेको रसिद सकेपछि मात्र फिर्ता आउने गरेकोले नियमित बैंकमा दाखिला अथवा फिर्ता ल्याउने व्यवस्था मिलाउनु पर्दछ । साथै १९ वटा वडामा नै सफ्टवेयरबाट रसिद काट्ने व्यवस्था मिलाउनु पर्दछ । | |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|

८६. **भाडा आम्दानी** : उपमहानगरपालिकाले सटर पसल कबल आदि भाडामा दिएबापत प्रप्त हुनुपर्ने भाडा समयमै असुल गर्नु पर्दछ । लेखापरीक्षणको क्रममा भाडा अशूली सम्बन्धि विवरण माग गर्दा विभिन्न सात व्यक्तिसंग जम्मा रु.५,०२,७८२। भाडा रकम बक्यौता रहेको देखिन्छ । सो मध्ये लेखापरीक्षण अवधि (२०७६।९।२०) सम्म रु. ३,८७,९५७ अशूल भई देहायका व्यक्तिहरुका नाममा देहाय अनुसार रु. ११४,८२५। बक्यौता रहेको देखिन्छ । बक्यौता रहेको भाडा रकम संझौताको शर्त अनुसार असुल गर्नु पर्दछ ।

| पसल नं. | भाडावालाको नाम | बक्यौता अबधि | रकम |
|---|---|---|---|
| ११-१२-१३ | बद्री घिमिरे | २०७६/३ | ६१२५ |
| ११-१२-५९ | रामेश्वर कुमार शाह | २०७५/१२ | ६४०० |
| ११-१-५८ | श्रवण कुमार शहनी | २०७६/१ | १२३०० |
| ११-११-०२,०३ | अन्नपूर्णदेवी केशरी | २०७५/११ | ९०००० |
| | | जम्मा | ११४८२५ |

८७. **विभाज्य कोषः** उपमहानगरपालिकाले साझा अधिकार अन्तरगत प्राप्त हुने रोयल्टि लगायतका रकम संकलन गरी विभाज्यकोष खातामा जम्मा गरी बाँडफाँड गर्ने गरेको छ । सो प्रयोजनको लागि खोलिएको विभाज्य कोष खातामा वर्षान्तमा रु.८,९४,९२,७३१।९१ मौज्दात रहेको देखियो । उपमहानगरपालिकाले माटो, ढुङ्गा, गिट्टी, बालुवा, मनोरञ्जन कर, विज्ञापन कर र सिमेण्ट निकासी समेतबाट सँकलन गरेको रु. ९,८४,०८,१४५।३४ मध्ये मु.अ.कर रु.८४,३८,२५५।२८ र जिल्ला समन्वय समितिलाई दिनुपर्ने रु.४,७७,१५८।१५ भुक्तानी दिई बाँकी रहेको रु.८,९४,९२,७३१।९१ मध्ये ४० प्रतिशतले हिसाव गरी प्रदेश सञ्चितकोष दाखिला गर्नुपर्ने रु. ५,३०,६३,८२२।५० दाखिला नगरी कोष खातामा रहेकोमा २०७६।८।१९ मा मात्र प्रदेश सञ्चित कोष दाखिला गरेको देखियो । विभाज्य कोषमा जम्मा भएको रकम समयमै सम्वन्धित सञ्चित खातामा पठाई वर्षान्तमा खाता शून्य गर्नु पर्दछ ।

८८. **कोष सञ्चालनः** उपमहानगरपालिकाले विभिन्न ऐन, नियमावली तथा निर्देशिकाका आधारमा स्थापना गरी सञ्चालनमा रहेका कोषहरुको स्थिति निम्नानुसार रहेको छः

| विवरण | जिम्मावारी | आम्दानी | खर्च | बाँकी |
|---|---|---|---|---|
| कर्मचारी कल्याणकोष | १५,९०२,५५२.८३ | १६,९३६,०५२.८८ | २०,२२८,४३२.२४ | १२,६१०,१७३.४७ |
| मर्मत सम्भार कोष | १,९४८,४५७.८० | २२,०६१,०००.०० | १४,२१४,३८८.७३ | ९,७९५,०६९.०७ |
| प्रकोप, विपद् व्यवस्थापन कोष | ३,०६९,८३३.९४ | १०,०००,०००.०० | १,६१४,६९१.०० | ११,४५५,१४२.९४ |
| मानव संशाधन विकास कोष | ८१८,०६५.०० | २००,०००.०० | - | १,०१८,०६५.०० |
| वातावरण विकास कोष | १,८६४,२६०.०० | १,०००,०००.०० | - | २,८६४,२६०.०० |
| गरीबी निवारण तथा सामाजिक कोष | १,००७,८८५.६५ | २००,०००.०० | - | १,२०७,८८५.६५ |
| महिला तथा वाल विकास कोष | ९००,०००.०० | २००,०००.०० | - | १,१००,०००.०० |
| सामाजिक सुरक्षा कोष | ३३३,६९५.४२ | ९२,१४६,८००.०० | ९२,२४१,८११.९८ | २३८,६८३.४४ |
| अवकाश कोष | १०,०००,०००.०० | ८,६१२,५६०.०८ | - | १८,६१२,५६०.०८ |
| जम्मा | **३५,८४४,७५०.६४** | **१५१,३५६,४१२.९६** | **१२८,२९९,३२३.९५** | **५८,९०१,८३९.६५** |

८८.१. **कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजले सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । उपमहानगरपालिकामा गत वर्षको रु. १,५९,०२,५५२।८३ र यो आम्दानी रु.१,६९,३६,०५२।८८ (नगरपालिकाले थप गरेको रु.१४२०००००।-समेत) जम्मा रु.३,२८,३८,६०५।७१ आम्दानी गरेकोमा यो वर्ष कोषबाट रु.२,०२,२८,४३२।२४ खर्च भई रु. १,२६,१०,१७३।४७ मौज्दात रहेको देखिन्छ । ऐनले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था गरेको भएतापनि सो अनुसार रकम जम्मा गरेको देखिएन । ऐनमा भएको व्यवस्था पालना गरी कोष व्यवस्थापन गर्नु पर्दछ ।

| कार्यालयः हेटौडा उपमहानगरपालिका, मकवानपुर | | आ.व.२०७५।७६ |
|---|---|---|
| **सि.नं.** | **गो.भौ.नं. र व्यहोरा** | **रकम** |
| ८८.२. | **सापटीः** कल्याणकोषबाट विभिन्न कर्मचारीहरुलाई सापटी दिएको रु.६३,७८,६०१।- फिर्ता प्राप्त भएको छैन । सापटी दिने र फिर्ता गर्ने सम्वन्धमा भएको व्यवस्था लेखापरीक्षणको लागि उपलव्ध हुन सकेन । कोषबाट लिन सकिने अधिकतम सापटीको सीमा र फिर्ता गर्ने समय उल्लेख नहुँदा एकै व्यक्तिले धेरै रकम सापटी माग गर्ने, लामो समयसम्म फिर्ता नगर्ने स्थिति रहन्छ । अतः कोष सञ्चालन सम्वन्धी कार्यविधि तयार गर्नु पर्दछ । अवकाश भएका तथा विभिन्न तरिकाले कार्यालयमा नरहेका देहायका व्यक्तिहरुले सापटी रकम फिर्ता नगरेकेले उक्त रकम जोखिममा रहेको देखियो । आवस्यक कारवाही गरी सापटी रकम कोषमा फिर्ता ल्याउनु पर्दछ रु...... | ६,४०,७५४/- |

| सि.नं | कर्मचारीको नाम | पेश्की रकम |
|---|---|---|
| १. | कृष्ण बहादुर पुलामी | ४५३०८९.८९ |
| २. | विमल रेग्मी | १८१४६४.११ |
| ३. | लक्ष्मी थोकर | १००० |
| ४. | के.आई सिंह | ५२०० |
| | जम्मा | ६,४०,७५४ |

| | | |
|---|---|---|
| ८९. | **आकस्मिक कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० बमोजिम उपमहानगरपालिकाले स्थानीय कानून बमोजिम आकस्मिक कोष स्थापना गरी सञ्चालन गर्न सक्ने व्यवस्था छ । उपमहानगरपालिकाको यो ऐन बमोजिम स्थापना गरेको आकस्मिक कोष खाता नभएको तर विशेष कोष अन्तर्गत कर्मचारी कल्याण कोष, मर्मत सम्भार कोष, प्रकोप/विपद् कोष, मानव संशाधन कोष, वातावरण विकास कोष, गरीवी निवारण तथा सामाजिक कोष, महिला तथा बालबालिका कोष, सामाजिक सुरक्षा कोष तथा अवकाश कोष जस्ता ९ वटा विभिन्न विशेष कोष खाताहरु रहेको देखिन्छ । ती खाताहरुमा उपमहानगरले कारोवार गर्ने गरेको देखिएतापनि कोष सञ्चालन तथा व्यवस्थापनको लागि कार्यविधिहरु बनाएको देखिएन । कोष स्थापना, नियमन र प्रभावकारी सञ्चालनको लागि आवस्यक कानून निर्माण गर्नु पर्दछ । | |
| ९०. | **सम्परीक्षण तथा वेरुजू फछ्र्यौटः** नगरपालिकाले आ.व. २०७३।७४ र २०७४।७५ को देहायअनुसारको वेरुजू फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गरेकोमध्ये देहायका वेरुजूहरु सम्परीक्षण गरिएको छः | |

| दफा | व्यहोरा | फ्यौटको व्यहोरा | रकम |
|---|---|---|---|
| | **आ.व. २०७४।७५** | | |
| ६५ | अवकाश पछिको निकासा | असुल भई राजस्व दाखिला भएको | |
| | | आधुनिक राष्ट्रिय मा.वि. | ८८७२.०० |
| | | ज्योती मा.वि. हर्नामाडी | ३८४४७.०० |
| ८१ | पेश्की बाँकी | विभिन्न ३९ कर्मचारी | ३९२९००.०० |
| | | **सस्थागत पेश्की** | ०.०० |
| | | म.स्वा.से. सरसफाई र विकास समिति | २३५०००.०० |
| | | कवर्डहल निर्माण उ.स. दिपेन्द्र ढकाल | १५०००००.०० |
| | | पुष्पा कुमारी भट्टराई | ३६०००.०० |
| | | १९ नं वडा कार्यालय | ५०४००.०० |
| | | ३ नं वडा कार्यालय | १७२२००.०० |
| | | नेशनल लाईफ इन्सुरेन्स कम्पनी | ४९२६००.०० |
| | | मोविलाइजेशन पेश्की राना पाखिन जे.भी | ८०००००.०० |
| | **आ.व. २०७३।७४** | | ०.०० |
| २५ | घरभाडा कर | स्थानीय सञ्चितकोषमा जम्मा भएको | १६१८९४२.०० |
| १६ | विरुवा वितरणको भरपाई नभएको | वितरण भरपाई सँकलन गरी कार्यालयले फछ्र्यौट गरेको | २०००००.०० |
| | पेश्की बाँकी | कार्यालयले पेश्की फछ्र्यौट गरी प्रमाण पेश गरेको | ६७४७२.०० |
| २६ | कर्मचारी पेश्की | पार्वती देउजा पोडे- २५,०००।- | ०.०० |
| | | मनोज सुवेदी - २१,९७२।- | ०.०० |
| | | मीनामायाँ देउला- १८,१००।- | ०.०० |
| २६ | सस्थागत पेश्की | नगर स्वाश्थ्य भवन निर्माण उ.स. | ४३३०००.०० |
| | | एच.के.एम कन्स्ट्रक्सन, पदमपोखरी | ९६३०००.०० |
| | | **जम्मा** | **७००८८३३.००** |

अनुसूची- १

## हेटौंडा उप-महानगरपालिकाको सञ्चित कोष विवरण

**२०७५।७६**

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | हेटौडा उप-महानगरपालिका | मकवानपुर | ३१५९४९ | ३२४९११ | ८२९६५४ | ८०३१०४ | १९५७६६९ | ९७०७३९ | ४४२३०८ | १६९१३७ | १५८२१८४ | ६९१४३४ |

अनुसूची -२

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७५।७६**

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा संख्या | | रकम | अशुल गनुंपनें | नियमित गनुंपनें | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १. | मकवानपुर | हेटौडा उप-महानगरपालिका | ६० | ४४ | १११७१७ | ० | ४ | ६८३९ | ६० | ४० | १०४८७८ | २३५०७ | ३४९५७ | १५६०९ | ० | ० | ५०५६६ | १४३३ | २९३७२ | ३०८०५ |

अनुसूची- ३

## अद्यावधिक बेरुजू स्थिति

(रु.हजारमा

| स्थानीय तह | जिल्ला | गत वर्षसम्मको बाँकी | यो वर्ष फछ्र्यौट | बाँकी | योवर्ष सम्परीक्षणबाट कायम | यो वर्षको वेरुजू | कूल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|
| हेटौडा उप-महानगरपालिका | मकवानपुर | ४६०८२ | ७००९ | ३९०७३ | ० | १०४८७८ | १४३९५१ |